मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २४१ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ साउन २ गते विहीबार (Thursday, July 18. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

'लैङ्गिक हिंसा र दुर्व्यवहार: छैन हामीलाई स्वीकार'

"Orange the World : #Hear Me to "

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# साइबर अपराध बढ्दै, न्याय कठिन

❒ **नरेन्द्र ढकाल**

**बिर्तामोड, साउन १।** झापाको भद्रपुरकी अस्मिता (नाम परिर्वतन) ले आफ्नै श्रीमान केशव अधिकारीविरुद्ध उजुरी गरिन् ।

घटना थियो -श्रीमानले आफ्नो नामको फेसबुक आईडी बनाएर कुमार खनाल नामक व्यक्तिसँग अश्लील भाषाशैली प्रयोग गर्दै च्याट गरी यौन उत्तेजनात्मक भाषाशैली प्रयोग गरेर बदनाम गर्न खोजेको । आफ्नो आईडी बनाएर बदनाम गराउन खोजेको भन्दै अस्मिताले साइबर अपराध अन्तर्गत मुद्दा दर्ता गरेपछि प्रहरीले केशवलाई पक्राउ गरेर महानगरीय प्रहरी परिसर काठमाण्डौं पठायो । यो घटना हो गत असार ९ गतेको ।

त्यस्तै बिर्तामोडमा रहेको इलाका प्रहरी कार्यालय अनारमनीमा तत्कालीन प्रहरी नायब उपरीक्षक सुवास खड्काको कुर्सीमा बसेर 'टुडे आई एम दी पुलिस डीएसपी' लेखेर सामाजिक सञ्जालमा हाल्ने हर्कराज गुरुङ भन्ने ओस्मान ओसाङ डानियल गुरुङलाई प्रहरीले पक्राउ गर्‍यो । उनलाई प्रहरीले विद्युतीय ऐन अन्तर्गत साइबर क्राइम अन्तर्गत मुद्दा दर्ता गर्‍यो । यो घटना गत वैशाख २८ गतेको हो । यस्तो घटना बढ्ने क्रममा रहेको प्रहरीले जनाएको छ ।



साइबर अपराध सम्बन्धी उजुरी प्रहरीले काठमाण्डौंस्थित साइबर अपराध महाशाखा काठमाण्डौंले मात्र लिने गरेपछि झापासहितका अन्य जिल्लाका पीडितले भने पीडामाथि पीडा खप्नु परेको छ । काठमाण्डौंसम्म जान सक्नेहरुले गएर उजुरी दर्ता गरेर साइबर अपराध गर्नेहरुलाई कानूनी दायरामा ल्याउने गरेपनि पहुँच नपुग्नेहरुले पीडित भएर पनि आफ्नो पीडा लुकाएर बाँच्न बाध्य भएका छन् । छोटो समयमा नेपालले प्रविधिमा ठूलो फड्को मार्‍यो । प्रविधिले धेरैको जीवन सहज बनाएको छ भने सामाजिक कलह, हिंसा, दुर्व्यवहारका घटना पनि बढाउँदै लगेको प्रहरीको विश्लेषण छ ।

नेपालको विद्युतीय कारोबार ऐन- २०६३ ले कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामग्री वा सार्वजनिक नैतिकता, शिष्टाचारविरुद्धका सामग्री प्रकाशन वा प्रदर्शन गर्ने लगायतका कामलाई विद्युतीय कसूर भनी परिभाषित गरेको छ ।

इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट धोकाधडी, अर्काको पहिचान अनधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिङ कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्‍याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ । पछिल्लो समय झापासहित देशभर साइबर अपराधका घटना बढ्दै गएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दिनेशराज मैनालीले बताए ।

प्रविधिको प्रयोग गरेर सामाजिक काम गर्नेहरु पनि रहेको र धेरै जसो आपराधिक मनस्थिति बनाएर अर्काको चरित्र हत्या गर्न उद्धत रहेको पाइएकाले पछिल्लो समय सामाजिक सञ्जाल चुनौतिको विषय बनेको प्रहरीको भनाइ छ । मन मिल्दा सबै अश्लील हर्कत गर्ने र शारीरिक सम्पर्क गरेको भिडियो बनाएर राख्ने मन नमिल्दा फेसबुकमा राखेर चरित्र हत्या गर्ने क्रम बढेको उजुरीहरु प्रहरीसमक्ष आउन थालेको प्रहरीले जनाएको छ ।

यस्ता भिडियो बनाएर मानसिक यातना दिएको र चरित्र हत्या गरेको भन्दै प्रहरीमा उजुरी दिनेको संख्या बढ्न थालेको केन्द्रीय साइबर ब्युरोले जनाएको छ । झापामा यस्ता उजुरी आउने गरेपनि आफूहरुले केन्द्रीय साइबर ब्युरोमा उजुरी गर्न आग्रह गर्ने गरेको प्रहरी उपरीक्षक मैनालीले बताए ।

साइबर सम्बन्धी उजुरी राजधानीमा मात्रै लिइने भएकाले पीडित आफैं काठमाण्डौं जानुपर्ने बाध्यता रहेको बताइएको छ । चालू आर्थिक वर्ष २०७५-७६ मा ३८ वटा उजुरी आएपनि ३६ वटा उजुरी केन्द्रीय साइबर ब्युरोमा पठाइएको प्रहरी तथ्याङ्कमा उल्लेख गरिएको छ ।

प्रहरी उपरीक्षक मैनालीका अनुसार विशेष गरी युवा-युवती सामाजिक सञ्जालमार्फत चिनजान हुने, प्रेमका कुराहरु हुने, विश्वास बढ्दै गएपछि अश्लील फोटो तथा भिडियो आदानप्रदान गर्ने र कुनै समयमा एक आपसमा मन नमिलेको खण्डमा तिनै फोटो तथा भिडियोलाई सार्वजनिक गरिदिने, धम्की दिने जस्ता क्रियाकलाप हुने गरेको पाइएको छ । यसरी सार्वजनिक भएका सामग्रीले व्यक्तिगत

(बाँकी अन्तिम पृष्ठमा)

# श्रीमतीको मृत्यु लगत्तै श्रीमानको पनि मृत्यु

**इटहरी, साउन १।** केही घण्टाको फरकमै एक दम्पत्तिको निधन भएको छ । घटना इटहरीको हो । श्रीमतीको मृत्यु भएको केही घण्टामै श्रीमानको पनि मृत्यु भयो भन्दा सबैलाई विश्वास नलाग्न सक्छ । जुन घट्नाले इटहरी -१३ खनारका स्थानीय अचम्भित भएका छन् ।

इटहरी -१३ की ७८ वर्षीया नर्वदा भट्टराईको मङ्गलबार ८ बज्न १५ मिनेट बाँकी रहदा मृत्यु भयो । घर परिवारमा रुवाबासी हुँदाहुँदै नर्वदाका ८६ वर्षीय श्रीमान टीकाप्रसाद भट्टराईको हर्ट अट्याक भएर मृत्यु भएको आफन्तले बताएका छन् ।

एकै परिवारमा अनौठो मृत्यु भए पछि गाउँलेहरु अचम्भित भएका हुन । स्थानीयले उनीहरुको राम्रो मरण भएको भन्दै खनारदेखि इटहरीको बूढीखोलासम्म दुवै शबलाई बोकेर परिक्रमा गर्दै एउटै चितामा दाहसंस्कार गरेको आफन्त विकास भट्टराईले बताए ।

एकै दिन हजुरबा र हजुरआमाको मृत्यु भएको देख्दा अचम्म लाग्यो- विकास भन्छन् । यस्तो घट्ना कमै मात्र हुने गरेको भन्दै गाउँलेहरु अचम्भित बनेका छन् ।

एउटै तिथिमा एकै परिवारको श्रीमान श्रीमतीको मृत्यु हनु अनौठो हो -मलामी आएकाहरु भन्दै थिए । मुक्ति घाटमा एकै चितामा दुबै शब जलाइयो ।

**जिल्ला कुखुरा ब्यवसायी संघ झापाको अत्यन्त जरुरी सूचना**

बिगत लामो समयदेखि ब्रोइलर कुखुराको मासुको मूल्य एउटै कायम रहेको तथा कुखुरा उत्पादनका लागि आवश्यक दाना, चल्ला लगायतका सामग्रीहरुको बजार मूल्य अत्यधिक बृद्धि भएकाले स्थानीय कुखुरापालक किसानहरुको हितलाई ध्यान राखी २०७६ साउन १ गतेदेखि लागू हुने गरी ब्रोइलर कुखुराको मासुको नयाँ मूल्य कायम गरिएको सम्पूर्ण उपभोक्ताहरुमा जानकारी गराइन्छ ।

जिउँदो ब्रोइलर कुखुराको बजार मूल्य प्रति केजी : २३०।- रुपैयाँ ।
ब्रोइलर कुखुराको तयारी मासु : प्रति केजी ३५०।- रुपैयाँ ।

थप जानकारीका लागि ९८५२६८९००२

**जिल्ला कुखुरा व्यवसायी संघ झापा**

# युरोप पठाइदिन्छु भन्दै ५१ लाख ठगी



**काठमाडौँ, साउन १।** युरोप पठाइदिने प्रलोभन देखाई युवालाई भारत पुर्‍याएर अलपत्र पारी ठगी गरेको रहस्य खुलेको छ ।

आकर्षक तलब पाउने गरी युरोप पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा एक व्यक्ति पक्राउ परेपछि यस्तो रहस्य खुलेको हो । ठगी गरेको आरोपमा चितवन रत्ननगर नगरपालिका -४ देवौलीका नवीनकुमार चौधरी पक्राउ परेका हुन् । उनले विभिन्न व्यक्तिबाट ५१ लाख ५० हजार ठगी गरेको बताइएको छ ।

काठमाडौंको धापासी बस्दै आएका चौधरीले वैदेशिक रोजगारको सिलसिलामा युरोपमा वर्किङ भिसामा आकर्षक तलब हुन्छ भनी विभिन्न प्रलोभन देखाई पीडितलाई भारत पुर्‍याएर अलपत्र पारेर ठगी गरेको प्रहरीले जनाएको छ ।ठगी गरी सम्पर्कविहीन भएका चौधरी विरुद्ध वसन्त केसी लगायत

(बाँकी अन्तिम पृष्ठमा)

# दुई अझै बेपत्ता

**भद्रपुर, साउन १।** खोलाले बगाउँदा झापामा एक बालकसहित दुई जना बेपत्ता भएका छन् । खोलाले बगाएको उनीहरुको अहिलेसम्म अत्तोपत्तो छैन ।

बेपत्ता भएका दुवै जनाको खोजी कार्य भइरहेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । प्रहरी कार्यालय झापाका अनुसार बाह्रदशी गाउँपालिका -३ स्थित प्रतिमा चोक पूर्वमा रहेको अन्धुवा खोलाले बगाउँदा मंगलबार दिउँसो १२ वर्षीय एक बालक बेपत्ता भएका थिए । साथीहरुसँग पौडी खेल्न गएका सोही गाउँपालिका -३ बस्ने १२ वर्षीय बालक बिजय खड्कालाई पनि खोलाले बगाउँदा बेपत्ता भएका हुन् । खोलामा पौडी खेल्न गएका सबै साथीहरु फर्किए पनि बिजय नफर्किएपछि स्थानीयले तत्काल प्रहरीलाई खबर गरेका थिए ।

घटनास्थलमा पुगेका नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयबासीले बालकको मंगलबारदेखि नै खोजी गरिरहेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए । उनका अनुसार खोलाको डिलमा बालकले लगाएको कपडा र चप्पल फेला परेको छ ।

यता असार २७ गते हडिया खोलाले बगाउँदा मेचीनगर नगरपालिका -१४ स्थित दुवागढी बस्ने ४५ वर्षीय सुकुल

(बाँकी अन्तिम पृष्ठमा)

**NIDI SECONDARY SCHOOL**

Indreni Campus
Admission Open +2
Science
Management
& Humanities

Salient Features

- Managed by the established team of academicians.
- Quality education at affordable fee.
- Well equipped modern building with science lab, computer lab and classrooms with CC cameras.
- Accessible Transport services.
- Strict preservation of discipline.
- Science excursion tour.
- Attractive scholarship scheme.
- Industrial Visit to Management students.
- Extra Class
- Excellent result (in +2 & BBS Level)

Entrance Date : For Science Ashar 28 Saturday at 10:00 A.M.

**Run & Managed by SCIENCE BLOCK TEAM**

For Details : NIDI SECONDARY SCHOOL/ INDRENI CAMPUS
Birtamde-2, Ramchowk, Contact : 023-544412/ 546044/ 9852673088/ 9852689000

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

SLCर SEE उत्तीर्ण विद्यार्थीहरुलाई सुवर्ण अवसर
कञ्चनजङ्गा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि

डिप्लोमा प्रमाण पत्र तहका ३ वर्षे कार्यक्रमहरु :-

- नर्सिङ्ग
- ल्याब टेक्निसीयन
- रेडियोग्राफी

**फारम पाइने स्थान**:- कञ्चनजङ्गा इन्स्टिच्यूट अफ हेल्थ साइन्सेस प्रा.लि हेवन वाटर पार्क, बिर्तामोड,झापा
**फारम वितरण मिति** : २०७६ असार २२ देखि २०७६ साउन १२ गतेसम्म ।

**प्रवेश परीक्षा हुने मिति** : २०७६ श्रावण २२ गते
**आवश्यक शैक्षिक योग्यता** : S.L.Cर S.E.E उत्तीर्ण (ग्रेडिङ प्रणालीको हकमा न्यूनतम् GPA 2 प्राप्त गरेको हुनुपर्छ । )

सम्पर्क : **कञ्चनजङ्गा अफ हेल्थ साइन्सेस प्रालि**
हेवन वाटर पार्क - बिर्तामोड -२, झापा
९८४९०४८३६५, ९८१५९७८४१७
९८१७०९०३६७ , ९८६२७४७९७८

**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरु:**

- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोट: ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

**हार्दिक निमन्त्रणा**

श्री आदरणीय मान्यवर,

स्व.समशेरबहादुर गिरीद्वारा वि.सं. २०११ सालमा स्थापित र संघ-संस्था दर्ता ऐन अनुसार आर्थिक वर्ष २०६४/०६५ मा जिल्ला प्रशासन कार्यालय झापामा दर्ता भई सार्वजनिक सम्पत्तिको रुपमा रहेको यस **श्री शिवालय मन्दिर (सिद्धेश्वर आश्रम)**को चुनावी वार्षिक साधारणसभा **यही मिति २०७६ साल साउन ४ गते शनिबार विहान १०: ०० बजेदेखि** यसै मन्दिर परिसरमा हुने भएकाले सबै आजिवन सदस्यहरु, दानदाता महानुभावहरु तथा इच्छुक भक्तजनहरुको उपस्थितिका लागि सादर अनुरोध छ ।

**नन्दकिशोर गिरी**
अध्यक्ष

**श्री शिवालय मन्दिर (सिद्धेश्वर आश्रम)**
अर्जुनधारा नगरपालिका -८, शनिश्चरे(जयपुर मार्ग (झापा)

**Scholarship ! Scholarship !! Scholarship !!!**

Dear **SEE** appeared students
Doing **10+2** in
**Hotel Management ?**

HURRY UP !!
Book your seat now for an interview

GET **50%** **Scholarship** in Monthly Fees for **60 Students** (Limited time Offer)



**Note:** This **scholarship** has been sponsored by one of the **top university in India** for the **Nepali students** studying in Birtamode.

For more information about interview and details:
Rohini
Birtamode Jhapa, Nepal
023-542692
9852674340
9815092021

**ADMISSION OPEN**

+ 2 IN HOTEL MANAGEMENT WITH TRAVEL & TOURISM
+
Diploma In Hotel Management (July Intake )

Contact
Springdale College For Hotel Management
(SCHM)
Birtamode, Jhapa (In front of Kankai Campus )
Ph:023-546263,9842624438

**सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना**

**डा. जितेन्द्र मण्डल**
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही मिति २०७६ साल साउन ३ र ४ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ । दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता विरामीले यथाशीध्र सम्पर्क राख्नुहोला ।

नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

सम्पर्कः **सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

# बाढी : बिगतभन्दा क्षति कम



**झापा, साउन १।** बाढीको कटान र डुवान नियन्त्रणका लागि १० वर्ष अघि झापाको माईधारमा स्थापित जनताको तटवन्ध कार्यालय गैंडेले बुधवार बाढी प्रभावित सेवा क्षेत्रको स्थलगत अनुगमन गरेको छ ।

केही दिन अघिको बाढीले पुर्‍याएको क्षतिको विवरण संकलन, अध्ययन र अवलोकन गर्न तटवन्ध कार्यक्रम फिल्ड कार्यालय गैंडे माईधारले प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेको हो ।

अनुगमन टोलीमा कार्यालय प्रमुख मेखनाथ शर्मा, इञ्जिनियर दुर्गा अधिकारी, शिवसताक्षी नगरपालिका वडा नम्बर -६ का वडाध्यक्ष मनोज खुलाल कार्की , वडा सदस्य बद्रीनाथ खनाल, शिवसताक्षी उद्योग वाणिज्य संघका अध्यक्ष भोला मैनाली, नेपाल पत्रकार महासंघ झापाका कार्यसमिति सदस्य विनोद सापकोटा लगायत सहभागी थिए । सो टोलीले कनकाई नदीको बाढीले कटान र डुवान गरेको क्षेत्रको स्थलगत अध्ययन, अवलोकन गरेको हो ।

बाढीले विगत वर्षको जस्तो क्षति नपुर्‍याएको जनताको तटवन्ध कार्यालय गैंडे माईधारका कार्यालय प्रमुख शर्माले बताए । केही दिन अघिको अविरल वर्षापछि झापाको मेची, विरीङ्ग, कनकाई, कमल र रतुवा-मावा नदीमा आएको बाढीले विगत वर्षको जस्तो जनधनको क्षति नभएको सो कार्यालयले जनाएको छ ।

गत आर्थिक वर्षमा सो कार्यालयले सेवा क्षेत्रका ६ वटा नदीको कटान नियन्त्रणका लागि १८ किलोमिटर बाढी प्रभावित क्षेत्रमा ढुंगे तथा माटोको बाँध निर्माण गरेको थियो ।

जसका कारण यो वर्षको बाढीबाट क्षति कम भएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार गत आवमा कनकाईको रंगियाथान, विश्वडुवा, किच्चकडाँगी, माहाभाराको चौरी, मावाको वीरेन्द्र डाँगी, तारावारी, कमलनदीको सुकुम्बासी वस्ती, रतुवाको चप्रामारी, कोहभरा क्षेत्रमा स्थायी प्रकृतिका वाँध निर्माण भएकोले यो वर्ष वाढीको कटान र डुवानबाट तुलनात्मक हिसावले कम क्षति भएको हो ।

कार्यालयले गत आवमा तटवन्धका लागि ४० करोड रुपैयाँ खर्च गरेको बताइएको छ ।

# अब झापामा १० वटा नमूना विद्यालय

**सुरुङ्गा, साउन १ ।** झापामा अब प्रस्तावित नमूना विद्यालयको संख्या १० पुगेको छ ।

नेपाल सरकारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हालै थप ८४ वटा विद्यालयलाई नमूना विद्यालय विकासका लागि छनोट गरेको छ । विभिन्न ६९ जिल्लाका गाउँ तथा नगरपालिकाहरुमा सञ्चालित विद्यालयहरुको प्रारम्भिक मूल्यांकन पछि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सत्यापनका आधारमा शिक्षा मन्त्री गिरिराजमणि पोखरेलले ती विद्यालय छनोटको निर्णय गरेका हुन् ।

छनोटका लागि विद्यार्थी संख्या, विद्यालयको परिसरमा रहेको जग्गा, विगत ३ वर्षको शिक्षण उपलब्धी, शिक्षकहरुको संख्या तथा उनीहरुको योग्यता लगायत भौगोलिक तथा क्षेत्रगत आधारलाई लिइएको थियो ।

यसअघि झापामा ८ वटा सामुदायिक विद्यालयलाई नमूना विद्यालय विकासका लागि छनोट गरिएको थियो भने हालको निर्णयले थप २ विद्यालयलाई छनोट गरिएको हो ।

यस अघि कनकाई मावि सुरुङ्गा, हिमालय मावि दमक, प्रगति मावि गौरादह, लक्ष्मीप्रसाद देवकोटा मावि कचनकवल, डिल्लीराज मावि टाघनडुब्बा, धुलाबारी मावि मेचीनगर, महेन्द्ररत्न मावि विर्तामोड र हल्दीबारी मावि हल्दीबारी नमूना विकासका लागि छनोट भएका थिए । छनोटमा परेका सबै विद्यालयलाई १ करोड ५० लाख रुपैयाँ पहिलो चरणमा आ-आफ्ना गाउँपालिका तथा नगरपालिका मार्फत प्राप्त भइसकेको छ । पछिल्लो निर्णयबाट बुद्धशान्ति मावि बुधबारे र हिमाली मावि भद्रपुर छनोट भएका हुन् ।

२०७३ सालबाट शुरु भएको विद्यालय क्षेत्र विकास योजनाको अवधि २०७९/०८० सालसम्म मुलुकभर एक हजार नमूना विद्यालय विकास गर्ने कार्यक्रम अन्तर्गत आर्थिक बर्ष २०७५/०७६ मा ८४ विद्यालयलाई छनोट गरिएको हो । अब मुलुकभरमा अघिल्लो निर्णयबाट २ सय २२ र हाल ८४ गरी ३ सय ६ विद्यालय नमूना विकासका लागि छनोट भएका छन् ।

# कालीप्रसादविरुद्ध संगीत चोरीको उजुरी

**काठमाडौं, साउन १।** पटकपटक संगीत चोरीको आरोप झेलिरहेका संगीतकार कालीप्रसाद बास्कोटाविरुद्ध फेरि महानगरीय प्रहरी परिसर टेकू काठमाडौंमा उजुरी परेको छ ।

संगीतकार बास्कोटाको ‘समाचार’ बोलको गीत ‘बुझाई देउन’ भन्नेबाट कपी गरेको आरोपमा उजुरी परेको हो । शम्भु राईले प्रकाश सपूतमाथि संगीत चोरीको आरोप लगाएको घटना सेलाउन नपाउँदै अर्का संगीतकारविरुद्ध प्रहरीमा उजुरी नै परेको हो ।

गायक तथा संगीतकार बिक्की महतले करिब १ वर्षअघि रेकर्ड गराएको गीत, ‘समाचार’ सँग मिलेको दाबी गर्दै उजुरी दिएका हुन् । महतले बास्कोटासँग प्रतिलिपि अधिकारबारे छलफल गर्न चाहेको निवेदनमा जनाइएको छ । प्रहरीमा उजुरी गर्दा पनि उचित सुनुवाइ नभएपछि महत प्रतिलिलि अधिकार रजिष्ट्रारको कार्यालयमा पुगेर उजुरी दिएका छन् । यसअघि पनि बास्कोटामाथि ‘इन्स्टाको फोटो’ गीतको संगीत चोरी गरेर बनाएको आरोप लागेपछि विवादमा तानिएका थिए।

# केही दिन भारी वर्षा नहुने

**झापा, साउन १।** मनसुनी न्यूनचापीय रेखा नेपालको तराई भू-भागबाट दक्षिणतर्फ सरेको छ । न्यूनचापीय रेखा (वर्षा गराउने वायु) दक्षिण सरेकाले अबका तीन-चार दिन भारी तथा अविरल वर्षाको सम्भावना नरहेको जल तथा मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गङ्गा नगरकोटीले बताइन् । उनका अनुसार यो अवस्थामा वर्षा नै नहुने भने होइन ।

सेप्टेम्बरको तेस्रो हप्तासम्म मनसुनको समय भएकाले हल्कादेखि मध्यम वर्षा भइरहने हुन्छ । अबका केही दिन निरन्तर र अति भारी वर्षाको सम्भावना कमै रहेको नगरकोटीले बताइन् ।

बिहीबार देशैभरी आंशिक बदली रही देशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

यसका साथै, हवाई तथा सडक यातायातमासमेत वर्षा र कम भिजिविलिटिका कारण सामान्य अवरोध आउनसक्ने भएकाले महाशाखाले सतर्कता अपाउन आग्रह गरेको छ ।

# बाल्मीकिमा भोकमरीले गोरेको निधन भएपछि...

**बिर्तामोड,साउन १।** विश्वमा भोकमरीको समस्या बढ्दै गएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

सन् २०१८ को तथ्यांक अनुसार विश्वमा ८२ करोडभन्दा बढी मानिस भोकमरीको चपेटामा परेको संयुक्त राष्ट्रसंघीय प्रतिवेदनमा उल्लेख गरिएको छ । पछिल्लो तीन वर्षयता भोकमरी बढ्न थालेको हो ।

संयुक्त राष्ट्रसंघ अन्तर्गतको खाद्य तथा कृषि संगठन (एफएओ), संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ), विश्व स्वास्थ्य संगठन (डब्लुएचओ), कृषि क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय कोष र विश्व खाद्य कार्यक्रमले संयुक्त रुपमा प्रतिवेदन तयार पारेका हुन् ।

पछिल्लो समय दक्षिण एसियाका ११ प्रतिशत मानिस कुपोषणको चपेटामा देखिएका छन् । मध्यमस्तरको आय भएका देशहरु विशेष गरी जहाँको आर्थिक वृद्धि सुस्त रहेको छ, ती देशमा भोकमरीको समस्या बढ्दो क्रममा देखिएको छ । नेपालमा पनि खेतीयोग्य जमिन मासिने क्रम बढ्दै गएको छ भने आधिकांश जग्गा बाँझै छाड्ने प्रचलन पनि बढेको छ ।

भोकमरीले मृत्युदर बढी रहेका बेला झापाको बिर्तामोडस्थित बाल्मीकि एजुकेशन फाउण्डेशनमा गोरेको भोकमरीकै कारण निधन भएको छ । लामो समयसम्म खाना खान नपाएका गोरे आलु भनेर लोहोरो



पकाइ रहेका थिए । लोहोरो पाक्ला र खाँउला भन्ने आश गरेका गोरे बुबा माने आए लगत्तै खानै नपाएर चुलोमा नै ढल्दा बाल्मीकि एजुकेशन फाउण्डेशनको सभाहल स्तब्ध बनेको थियो ।

आदिकवि भानुभक्त आचार्यको २०६ औं जन्मजयन्तीको अवसरमा बुधबार आयोजित साहित्यिक कार्यक्रममा साहित्यकार पर्शु प्रधानद्वारा लिखित क्षणभरीको आकाश नाटकलाई विद्यार्थीले स्टेजमा जीवन्त उतारेका थिए ।

उनीहरुले कुलतमा फसेर घर ब्यवहार तहसनहस मात्रै हुँदैन भोकमरीका कारण परिवारका सदस्यले ज्यानै गुमाउनु पर्छ भन्ने सन्देश नाटकको माध्यमबाट दिएका थिए । सानी दिदीको भट्टीमा गहना बेचेर खाद्यान्न किन्न गएको मानेले सबै सम्पत्ति सक्यो तर उसले परिवारको भोकमरीको अवस्था नबुझ्दा गोरेको निधन हुन पुग्यो । नाटकमा गरीब भएर जन्मनु गल्ती होइन तर गरीब भएर मर्नु गल्ती हो भन्ने सन्देश बालकलाकारहरुले सिलसिलाबद्ध ढङ्गबाट प्रस्तुत गर्दै दुर्व्यसनविरुद्ध बाल्मीकिका विद्यार्थी जागरुक रहेको बताए ।

कार्यक्रममा बालबालिकाहरुले आदिकवि भानुभक्त आर्चायद्वारा रचित रामायणको विभिन्न श्लोकहरु बाचन गरेका थिए । बाल्मीकि एजुकेशन फाउण्डेशनका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वाञ्चल दैनिकका डेक्स सम्पादक लक्ष्मण ढकालको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा फाउण्डेशनका निर्देशक आनन्दकुमार बस्नेत, प्रिन्सिपल विष्णु सिंघल, सञ्जिव योञ्जन लगायतका शिक्षकहरुको आतिथ्य रहेको थियो ।

प्रतियोगितात्मक कविता बाचन प्रतियोगितामा शितोष्ना तिम्सिना प्रथम , कृति बेगा द्वितीय, रितिका खरेल र निशा भट्टराई तृतीय भएका थिए । त्यस्तै नाटक अभिनयमा रङकल्प पौडेल उत्कृष्ट पात्र घोषित भएका थिए ।

शिक्षक पुष्करनाथ उपाध्यायले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा जीवन आचार्य, कुलमणि चम्लागाई लगायतले बोलेका थिए । विद्यार्थी अभयीका प्रसाईले स्वागत गरेको कार्यक्रमको सञ्चालन विद्यार्थीद्वय दिया संग्रौला र थोमस संग्रौलाले संयुक्त रुपमा गरेका थिए ।

# ‘पेन गन’ सहित पक्राउ

**झापा, साउन १।** पेन गन अर्थात सामान्यतया हामीले लेख्न प्रयोग गर्ने कलमबाट गोली चलाई अपराध गर्न मिल्ने बस्तु सहित १ जना पक्राउ परेका छन् ।

कास्कीमा पहिलो पटक पेन गनसहित १ जना पक्राउ परेका हुन् । पक्राउ पर्नेमा पोखरा महानगरपालिका-२४ कास्कीकोट स्थायी घर भई हाल पोखरा महानगरपालिका-७ मासबार बस्दै आएका २४ वर्षीय सागर रानाभाट रहेका छन् ।

यही असार २९ गते पक्राउ परेका उनलाई थप अनुसन्धान पश्चात कास्की प्रहरीले बुधवार



पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो । पक्राउ परेका उनका साथबाट लागूऔषध सहित पेन गन र उक्त गनमा लाग्ने सात थान गोली प्रहरीले विशेष सूचनाको आधारमा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर कार्कीले बताए । पक्राउ परेका उनीमाथि थप अनुसन्धान भइरहेको छ ।

# २५६५ कर्मचारी कार्वाहीमा

**झापा, साउन १।** राष्ट्रिय सतर्कता केन्द्रले गत आर्थिक वर्षमा दुई हजार ५६५ कर्मचारीलाई कारवाहीका लागि सिफारिस गरेको छ ।

केन्द्रले समयपालना नगर्ने एक हजार ९६१ र तोकिएको पोशाक नलगाउने ६०४ कर्मचारीलाई कारवाहीका लागि सिफारिस गरेको केन्द्रका सूचना अधिकारी डालनाथ अर्यालले जानकारी दिए ।

केन्द्रले गत आवमा ५२ जिल्लाका ९८० कार्यालयमा अनुगमन गरेको थियो । यसैगरी ९४० कार्यालयमा नागरिक वडापत्र नराखिएको र राखिए पनि नदेखिने गरी राखिएको पाइएको छ । केन्द्रले आव २०७४/७५ मा ५४ जिल्लाका एक हजार १४० कार्यालयमा अनुगमन गर्दा समयपालना नगर्ने एक हजार ७०३ र तोकिएको पोशाक नलगाउने ६१४ जना कर्मचारीलाई कारवाहीका लागि सिफारिस गरेको थियो ।

### साइबर...

मानसम्मान र सामाजिक प्रतिष्ठामा आघात पुग्ने भएकाले कतिपयले आत्महत्या गरेको उदाहरणहरु पनि रहेका छन् । साइबर अपराध महाशाखामा गएको साउनदेखि फागुन महिनासम्म आएका उजुरीमा २० देखि ३० वर्षसम्मका लगभग ४० प्रतिशत, त्यसपछि ३० देखि ४० वर्षसम्मका लगभग ३० प्रतिशत, २० वर्षमुनिका २२ प्रतिशत र ४० देखि ६० वर्षसम्मका लगभग ८ प्रतिशत पीडित रहेको तथ्याङ्क छ ।

साइबर अपराध सम्बन्धमा महानगरीय प्रहरी अपराध महाशाखाको २०७५ साल साउनदेखि २०७६ साल जेठ महिना सम्मको तथ्यांक हेर्दा पीडितहरुमा महिला धेरै रहेका छन् । प्रत्येक महिनामा परेका उजुरी अनुसार औसतमा पुरुषभन्दा महिला दोब्बर वा त्यसभन्दा बढी रहेको भेटिएको प्रहरीले जनाएको छ ।

साइबर अपराधका घटना बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालय झापाले विद्यार्थी लक्षित कार्यक्रमहरु सञ्चालन शुरु गरेको छ । प्रहरी उपरीक्षक मैनालीले हालसम्म दर्जनबढी विद्यालयमा साइबर अपराध र यसबाट बच्ने उपाय तथा नेपालको कानूनका विषयमा विद्यार्थीलाई जानकारी गराइसकेका छन् ।

विद्यालय तहमा नै यस्ता कक्षाहरु सञ्चालन गरिनु पर्ने भन्दै प्रहरी उपरीक्षक मैनालीले भने-रमाइलो गर्ने बहानामा धेरैको जीवन बर्बाद हुँदैछ, बेलैमा सचेतना नअपनाए यसले डर लाग्दो अपराधको बाटो लिनसक्छ ।

इन्टरनेट, मोबाइल तथा कम्प्युटरका माध्यमबाट हुने यस्ता अपराधका घटना सामाजिक डर वा लाजका कारण लुकाएर नबस्न र सकेसम्म छिटो प्रहरीमा उजुरी गर्न प्रहरीको सुझाव छ ।

मोबाइल, इन्टरनेट र कम्प्युटरका माध्यमबाट हुने क्रियाकलापहरु निगरानी गर्न मिल्ने भएकाले सबैमा अनावश्यक, अश्लील र अरुलाई अप्ठ्यारो पर्ने क्रियाकलाप नगर्न पनि प्रहरी उपरीक्षक मैनालीले आग्रह गरेका छन् ।

प्रहरीले उजुरी गर्न भनेपनि साइबर अपराधका उजुरी राजधानी बाहिरका प्रहरी कार्यालयले नलिने भएकाले पीडित आफैं राजधानीसम्म जानुपर्ने बाध्यता रहेको छ । केही पीडित राजधानी जानेगरेपनि अधिकांश पीडा सहेर नै बस्ने तथा आत्महत्याको बाटो रोज्ने गरेको बताइएको छ ।

### दुई...

हस्दा अझै फेला परेका छैनन् । भद्रपुर नगरपालिका - ९ प्रणामी नगर फूलबासास्थित हडिया खोला तर्ने क्रममा हस्दालाई खोलाले बगाएको थियो । बेपत्ता भएका हस्दाको खोजी कार्य भइरहेको प्रहरी कार्यालय झापाले जनाएको छ । ६ दिनदेखि बेपत्ता भएका हस्दाको शव फेला नपर्दा प्रहरीलाई समस्या भइरहेको जनाइएको छ ।

### युरोप....

पीडितले जेठ २८ गते दिएको संयुक्त जाहेरीको आधारमा टोखा नगरपालिका-६ बाट उनलाई पक्राउ गरिएको बताइएको छ ।

उनलाई अनुसन्धानका लागि बुधबार महानगरीय प्रहरी परिसर काठमाडौंमा पठाइएको छ । मुलुकी ऐन ठगीको महलमा झुक्याई, विश्वासमा पारी ठगी गरेमा कसुरको मात्रा हेरी बिगो भराई बिगोबमोजिमको जरिवाना र पाँच वर्षसम्म कैद हुने कानूनी प्रावधान छ ।


## आवश्यकता ! आवश्यकता !! आवश्यकता !!!

यस बजरंग मेडिकल एण्ड डाइग्नोष्टिक सेन्टर प्रालि बिर्तामोडलाई एक जना कर्मचारी आवश्यक भएको हुनाले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

१) कार्यालय सहयोगी -१ (एक) जना पुरुष/महिला
योग्यता : साधारण लेखपढ तलब : आपसी समझदारीमा
स्थानीयलाई बढी प्राथमिकता दिइने छ ।

सम्पर्क स्थान : बजरंग मेडिकल एण्ड डाइग्नोष्टिक सेन्टर प्रालि बिर्तामोड, झापा (फोन : ०२३-५४३५१७/९८१४०४६७२५



श्री भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाबाट पुष्प श्रेष्ठ भन्ने पुष्पलता श्रेष्ठका नाममा जारी गरिएको फोटो टाँस/जग्गा धनीको नाम संशोसन तथा नागरिकता नं. कायम सम्बन्धी

## ३५ दिने सार्वजनिक सूचना

झापा जिल्ला साविक चन्द्रगढी -७ बस्ने पुष्पलता श्रेष्ठले बद्र नारायण माडवारीको नामबाट हदबन्दीमा परेको जग्गा मध्ये विक्री वितरणबाट प्राप्त भन्ने कैफियत व्हहोरा श्रेष्तामा जनिएको जिल्ला झापा नकलबन्दा -८, कि.नं. २९२ क्षे.फ. ०-१०-१० र कि.नं. ९३२ क्षे.फ. ०-१५-० जग्गाको श्रेस्ता तथा पुर्जामा फोटो टाँस नभएको, ज.ध.को नाम पुष्प श्रेष्ठ भएको र नागरिकता .नं. समेत कायम नभएको भनीफोटो टाँस, ज.ध.को नाम संशोधन तथा ना.नं. कायम गरी पाउँ भनी भूमिसुधार तथा मालपोत कार्यालयमा द.नं.२९८८७ को निवेदन मिति २०७६।०२।२९ मा दर्ता गराएको हुँदा उल्लेखित जग्गाहरुको श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण पुर्जामा भएको जग्गा धनीको नाम पुष्प श्रेष्ठलाई संशोधन गरी पुष्पलता श्रेष्ठ कायम गर्दा र नागरिकता प्रमाणपत्र नं. २१३१ जारी मिति २०३१।०४।२५ ताप्लेजुङ कायम गरी निवेदकको फोटो समेत टाँस गर्दा जगदीशकुमार श्रेष्ठकी पत्नी रामकुमार श्रेष्ठकी छोरी पुष्प श्रेष्ठ भन्ने पुष्पलता श्रेष्ठको बाहेक अन्य कोही कसैको हक भोग र स्वामित्वमा असर पर्छ पर्दैन यो सूचना प्रकाशित भएको ३५ दिनभित्र आ-आफ्ना प्रमाणसहित भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा उपस्थित भई उजुरी दिवेदन गर्नुहोला । म्यादभित्र कुनै निवेदन तथा उजुरी नपरे कानून बमोजिम निवेदकका नाममा संशोधनसहित कायम हुने व्हहोरासमेत यसै सूचनाबाट सरोकारवाला सबैमा जानकारी गराइन्छ ।

इति सम्वत २०७६ साल अषाढ २६ गते रोज ५ शुभम् ।



बिर्तामोड नगरपालिका
नगर कार्यापालिकाको कार्यालय बिर्तामोड झापा
प्रदेश नं. १ नेपालको

## सूचीकृत हुने बारेको १० दिने सूचना

प्रथमपटक प्रकाशित मिति २०७६।०४।०२

यस नगरमा प्रधान कार्यालय खोलेर यसै नगर क्षेत्रबाट प्रकाशित, प्रशारित सञ्चार माध्यमहरुको सूचितकृत गर्नु पर्ने भएकाले तपसिल बमोजिमका कागजपत्रसहित यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्रमा नगरपालिकामा सम्पर्क राखी सूचीकृत गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) सूचीकृतका लागि आवेदन
२) सञ्चारमाध्यम दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३) नगरपालिकाबाट लिएको व्यवसायिक दर्ता प्रमाणपत्रको प्रतिलिपि
४) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

नोट : एउटा सञ्चार संस्थाले एकभन्दा बढी सञ्चारमाध्यम सञ्चालनमा भएको भए कुनै एउटाले मात्र लोक कल्याणकारी विज्ञापन अनुदानको सुविधा प्राप्त गर्नेछ ।

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत



## श्री मोहनमाया माध्यमिक विद्यालय

बिर्तामोड-२ चारपाने , झापा, १ नं. प्रदेश नेपाल

## नयाँ विद्यार्थी भर्ना सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यवसायिक परिषद् (CTEVT) को टेक्स विद्यालय यस श्री मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड-२ चारपाने,झापामा DIPLOMA IN CIVIL ENGINEERING (३ बर्ष) शैक्षिक कार्यक्रमका लागि आवेदन फारम खुल्ला गरिएको सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवेदन फारम पाइने स्थान :** श्री मोहनमाया मा. वि. बिर्तामोड-२ चारपाने, झापा
**आवेदन फारम बुझाउने अन्तिम मिति :** २०७६ श्रावण १२ गतेसम्म
**प्रवेश परीक्षा हुने मिति :** २०७६ श्रावण २२ गते बुधबार बिहान ७ :०० बजेदेखि
**प्रवेश परीक्षा किसिम :** लिखित वस्तुगत (विज्ञान, गणित, अंग्रेजी)
**प्रवेश परीक्षा केन्द्र :** CTEVT बाट पछि प्रकाशन गरिने छ ।
**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**
SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धांक पत्र, प्रवेशिका परीक्षाको चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकता वा जन्मदर्ताको १/१ प्रति प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको 35mm×45mm MRP साइजको २ प्रति रंगिन फोटो ।

**अन्य थप जानकारीका लागि :**
**श्री मोहनमाया माध्यमिक विद्यालय** बिर्तामोड-२ चारपाने, झापा
(023-543652 (कार्यालय), 9842704734 , 9803470160)

साथै यस विद्यालयमा कक्षा ११ को विज्ञान तथा व्यवस्थापन संकायमा भर्ना हुन इच्छुक विद्यार्थीहरुले विद्यालयमा सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्नुहुन जानकारी गराइन्छ ।



सुरुङ्गामा निःशुल्क परामर्शसहित आधारभूत शारीरिक स्वास्थ्य परीक्षण

## होलबडी चेकअफ मात्र रू. ३५००।- मा

आधारभूत शारीरिक स्वास्थ्य परीक्षणका लागि हुने जाँचहरु
भिडियो एक्स-रे, ई.सी.जी., सी.बी.सी., कलेजो कार्य परीक्षण, मृगौला कार्य परीक्षण, मुटु कार्य परीक्षण, थाइराइड कार्य परीक्षण, रगतको गुणस्तर परीक्षण, चिनीरोग परीक्षण, पिसाब परीक्षण, युरिक एसिड, क्याल्सियम, मृगौला प्रशोधन क्षमता परीक्षण
साथमा वरिष्ठ चिकित्सकद्वारा निःशुल्क परामर्श
मिति :२०७६ साल साउन ४ गते शनिबार समय : बिहान ७:00 बजेदेखि दिनको २:00 बजेसम्म
स्थान : शुभम् फार्मेसी एण्ड डायग्नोष्टिक सेन्टर
कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा (भगवती सहकारीको अगाडि, झापारोड)
अग्रिम नाम दर्ता गराई सेवाको लाभ लिनुहोला ।
सम्पर्क : ०२३-५५०९९५/९८०६०३०००२/९८१४९६८६१०



## वितरक आवश्यकता

लक्ष्मीपुरदेखि चारपाने हुँदै शनिश्चरे-मदनपुर-सिस्ने-खुदुनावारी-जुकेखाडी वनसम्म पत्रिका वितरण गर्न एक जना कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
तलबः ११,०००।- खर्च कटाएर १० देखि १२ हजार बचाउने ।
नोटः आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।
मो. ९८०१४०४०००, ९८१६६४१५७३



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## कृषि बजार व्यवस्थित गर

**कृषि थोक बजार बिर्तामोड 'मणि' हो । बिर्तामोड अहिले नगरपालिका भएको छ, जसको आफ्नो स्वामित्वमा रहने गरीको सार्वजनिक स्थल निर्माण गर्ने जग्गा छैन । तत्काल बजार बन्ने उपक्रममा रहेका बेला यहाँका सामाजिक अगुवा खनुपरुदे प्रसाई 'रामबाबु'ले कृषिथोक बजारकै लागि भनेर चार विगाह जग्गा नि:शुल्क प्रदान गरे । उनी अहिले सय वर्ष उमेर टेक्ने तयारीमा छन् र वृद्धता काठमाडौंमा बिताइरहेका छन् । प्रसाईंले प्रदान गरेको जग्गामा किसानका उत्पादनहरु उपभोक्तासम्म सरल मूल्यमा, सोझै पुऱ्याउने लक्ष्य अनुसार मेची अञ्चलकै 'थोक बजार'का रुपमा स्थापित भयो ।**

**पूर्वी पहाडी जिल्लाका कृषिजन्य उत्पादनहरु विचौलियाको प्रयोग नगरी आम उपभोक्ता र व्यापारीसम्म पुऱ्याउने लक्ष्यका साथ स्थापित कृषि बजार अहिले संरक्षकविहीन जस्तै छ । विगतमा सञ्चालक समिति मार्फत सञ्चालित सो बजारको व्यवस्थापन स्थानीय अगुवाले गर्ने गरेका थिए । बजार व्यवस्थापन समिति गठन गरेर त्यसकै निर्देशनमा बजारभित्र निर्माण गरिएका मण्डी, कवलहरुको व्यवस्थापन गर्दै आएको थियो । बजारभित्र तीनसय अठ्ठाइस वटा पसल छन्, त्यसमध्ये फलफूलका बत्तीस, दाल–तेलका उन्नाइस, माछामासुका साठी, खुद्रा सब्जीका एक सय बीस, थोक बजारका छ्यासी र अन्य एघार वटा छन् ।**

**ताप्लेजुङ, पाँचथर, इलाम र धनकुटादेखिका कृषि उपजहरुको बिक्री–वितरण गर्ने प्रमुख केन्द्रका रुपमा रहेको कृषि बजार अहिले लथालिङ्ग छ । बजारबाट निस्किएको फोहोरको उचित व्यवस्थापन छैन । बिर्तामोड नगरपालिकामा जनप्रतिनिधि आएको पनि दुईवर्ष भयो । यसबीचमा नगरपालिकाले कृषि बजारको अभिभावकत्व ग्रहण गरेको अनुभूति भएको छैन । फोहोरको दुर्गन्धले बजार पसिनसक्नु छ, वर्षाको समय हिलाम्मे र हिउँदमा धुलाम्मे बजारको दुर्गति हेरिनसक्नुछ । अनि पनि कृषि उपजको विषादी परीक्षण गर्ने पूर्वकै स्रोत साधन र प्रविधिले पूर्ण विषादी अन्वेषण द्रुत विश्लेषण प्रयोगशाला स्थापना गरिएको छ ।**

**बिर्तामोड झापाको प्रमुख आर्थिक कारोबारको केन्द्र हो । त्यसमा पनि कृषि बजारमा मात्रै करोडभन्दा बढीको कारोबार एकैदिनमा हुन्छ । यस्तो आर्थिक महत्वको स्थल प्रदान गर्ने प्रसाईं अहिले वृद्धताका कारण यसको दुरावस्थाप्रति जानकार छैनन् सायद । यदि त्यसो नहुने हो भने उनको चित्त दुखाई रहन्त्यो कि ! जे भए पनि कृषि बजार 'मणि' हो बिर्तामोडबासीको । यसको सुव्यवस्थापन, सुसञ्चालन र स्वार्थरहीत उपयोगले कृषक, व्यापारी र उपभोक्ता मात्र होइन यहाँको स्थानीय सरकार समेत लाभान्वित हुनेछन् । यसतर्फ सम्बद्ध निकायको ध्यान जाओस् ।**

## विषादियुक्त भारतीय सागसब्जी र फलफूल प्रकरण

# सरकार झुक्किएको होइन झुकेको हुनपर्छ



नकुल काजी

भनिन्छ, कुनै पनि व्यक्तिको विचार उभित्र भइन्जेल उसको नियन्त्रणमा हुन्छ, अभिव्यक्तिका माध्यमहरुमध्ये कुनैबाट त्यो बाहिरिनासाथ त्यो आफ्नै विचारले सम्बन्धित व्यक्तिलाई जिम्मेवारी अनुसार कज्याएर आफ्नो नियन्त्रणमा पुऱ्याउँछ। त्यसैकारण कुनै विषयवस्तुलाई विवेकको मदानीले मथेर आफ्नो आधिकारिक हैसियतमा परावृत्त तुल्याएपछि मात्र 'विचार'-को रुपमा अभिव्यक्त गर्नु सर्वभावेन उचित हुन्छ।

विषादियुक्त भारतीय सागसब्जी र फलफूल बिना जाँच-पास नेपाल भित्रिन नदिने मन्त्रिपरिषदको निर्णय भएको, असार २ गते सो नेपाल राजपत्रमा प्रकाशित भएको र लगत्तै असार १४ को मन्त्रिपरिषद बैठकले नै उक्त अघिल्लो निर्णयलाई उत्तानो पार्दै जाँच नगर्नु अर्थात् साविक जस्तै निर्बाध नेपाल प्रवेश गर्नु दिनु भन्ने निर्णय गऱ्यो। सरकारको पहिलो निर्णयबाट उपभोक्ता नागरिक आल्हादित र कृतज्ञ भइरहेका बेला सो निर्णय उल्टिँदा आश्चर्यचकित भई चख्ल्याँस्स परे ! सरकारको यो अबोधगम्य अघि सर्ने-पछि हट्ने खेल-तमासा परन्तु धेरै दिन अन्यौलमा रहेन। नेपालस्थित भारतीय राजदूतावासले 'भारतीय सागसब्जी र फलफूललाई विषादि परीक्षण नगरी छोडिनुपर्ने' विषयको पत्र परराष्ट्र मन्त्रालयमा आएको रहेछ र यो 'स्वतन्त्र राष्ट्र नेपाल'-को बहुजन समर्थन (बहुमत) प्राप्त शक्तिशाली सरकार सो पत्रबाट काँत्रिएर सो दोस्रो निर्णय लिएको रहेछ। अतः यी यावत कुरा यत्रतत्र छताछुल्ला भईसकेकै छ र यसका चर्चाहरुले सबै तप्काका नेपाली कान भरिइसकेकै छ।


भारतीय राजदूतावासको उल्लिखित अघोषित दवाबी पत्रकै कारण सरकारले लुरुक्क मन्त्रिपरिषदको निर्णय बदलेको चर्चा सर्बव्यापी भइसकेपछि आफ्नो अत्यन्त कमजोर बचाउ गर्दै र लोकलाज ढाक्ने पारदर्शीबर्को ओड्दै कार्यकारी अख्तियार प्राप्त प्रधानमंत्री खड्गप्रसाद शर्मा ओलीले दिएको स्पष्टीकरणले अर्कोपल्ट नेपालीलाई लज्जित बनायो !

बाह्र दिनअघि मात्र आफ्नै अध्यक्षतामा सम्पन्न मन्त्रिपरिषद बैठकले निर्णय गरी राजपत्रमा समेत प्रकाशमा ल्याएर कडाइका साथ लागू गरेको विषयलाई आफ्नै अध्यक्षतामा सम्पन्न उनीह मन्त्रिपरिषको बैठकले किन पर्लक्कै उल्टाएको थियो त ? भारतीय दवाबको सामू निगुरमुन्टिएर निर्णय उल्टाइएको होइन भनाउन छिरुवा नाकाहरुमा रहेका विषादि जाँच्ने अड्डामा 'उपकरणको अभाव'-लाई ढाल बनाइएको छ। त्यसो भए आफ्नो क्षमता नपुग्ने विषयमाथि यस्तो बाह्र दिनमै फत्याकफुतुक गल्ने हाँक किन हाँकिएको थियो त ? एउटा स्वतन्त्र राष्ट्रको बलशाली सरकारका हकमा यो शोभा दिने कुरा हो त ? किनभने, राष्ट्रको कार्यकारी अधिकार सम्पन्न प्रधानमंत्रीलाई मन्त्रिपरिषद जस्तो राष्ट्रिय कार्यपालिकाका सर्वोपल्लो जिम्मेवारी बैठकमा कुन राष्ट्रिय वृत्तव्यापी समस्याको विषय कसरी प्रस्तुत हुन आयो र के आधारका आधारमा त्यसको निवारण गर्ने निर्णय गरियो अनि बाह्रै दिनमा आफ्नो सो निर्णय उल्टाउन आवश्यक ठहर भयो भन्ने थाहा भएनछ भनेर जबरजस्ती पत्याइदिन लोकतन्त्रका प्रति विश्वासका साथ अनुराग राख्ने आजका नेपालीले सक्तैनन्। अन्यथा, त्यो लोकतन्त्रकै लागि चरम विडम्बनाको विषय बन्नेछ।

प्रस्तुत विषयका सम्पूर्ण तानाबाना, लहरा-चिउला र फेद-टुप्पो बिना मेहनत हेर्दा र सेरोफेरो केलाउँदा समेत प्रधानमंत्री आफ्ना कुनै वा कुनै-कुनै सहकर्मी (subardinate)-हरुबाट झुक्याइएका होइनन्, भारतीय राजदूतावासको एउटा सामान्य पत्रका सामू झुकेको हुन भन्ने सिद्ध हुन्छ। अथवा, यसो भनेर प्रधानमंत्रीले जनतासंग माफ मागेको समाचार पढ्दा र सुन्दा कस्तो प्रतीत हुन्थ्यो मानों उनी यसो भनिरहेका छन्– 'मेरो खल्तीको रुमाल मेरै सहकर्मीहरु मध्येकै कुन हुस्सुले झिकेछ, हेर्नु न ! मैले असार दुई गते यही खल्तीमा राखेको आज २३ गते छाम्दा भेटिन। म दुई गते यही कपडामा थिएँ आज पनि यसैमा छु क्यारे !'...

राष्ट्रका भौतिक-भावनात्मक प्रायः सबै अवयवहरुलाई लज्जित तुल्याउने घटनाक्रमहरुको प्रकोप विगतभन्दा बढेको अवश्य छ। देशको सार्वभौमिक स्वतन्त्रताका प्रति आदि-ऐतिहासिक सोच-परम्पराको तेजोबध हुने देशभक्त जनमनको शंकाले वृत्त बढाउँदै लगेको छ। देशको पवित्र अस्मिता निर्गाद रहिरहला कि अन्तर्राष्ट्रिय सीमारेखाभित्रको माटो मात्रलाई देशको परिभाषा मानेर अस्तित्व-पराभवको पीडा पनि खप्नुपर्ने दिन आउँदैछ ? संभावनाहरु धाँरिदै-तिखाँरिदै गएका छन्। वकवेदान्तले सम्पूर्ण ऐतिहासिक उपलब्धिभन्दा ठूलो हुन खोजिरहेको मात्र छैन, त्यसैलाई सम्पूर्ण ऐतिहासिक उपलब्धिको सम्पूर्णता (completion) मान्न नागरिकले विवश हुन परिरहेको छ– ती नागरिक जसलाई संविधानका पानाभित्र 'सार्वभौम राज्यशक्ति'-को रेशमी कोक्रोमा सुताउने अक्षरहरुको अनुकम्पा गरेका छन्– वस्तुगत यथार्थमा तिनले कहिले त्यो सौभाग्य भोग्ने अवसर पाउलान् ?

यस्तो करालकालको उदय भई दैनन्दिन प्रखर बन्दै जाँदाको अवस्थामा प्रतिपक्षी खबरदारी मुखर हुनपर्ने लोकतान्त्रिक बिधिनिर्दिष्ट प्रतिपक्षको कर्त्तव्यमा पनि खिया लाग्दै गएको छ। अगुवा नै बाटो विराएर नालायक बनिरहेको अवस्था छ। प्रतिपक्षका दलरुपी थर-गोत्रीय समूहहरुमा नेपाली कांग्रेसकै हविगत निराशाजनक छ। देश जति बिग्रँदै जान्छ-भत्किँदै र ध्वंश बन्दै जान्छ, त्यसबाट जति असन्तोष बढ्छ त्यति नै आफ्नो राजनीतिक फसल सप्रिने धारणा-अवधारणा र दलगत रणनीतिलाई नेपाली कांग्रेसले अख्तियार गरिरहेको बुझिन्छ। चार-चार पटक प्रधानमंत्री भइसकेका शेरबहादुर देउवा, नेपाली कांग्रेसका सभापतिको हैसितयले भन्छन्– "नेपाली कांग्रेस जस्तो लोकतन्त्रवादी पार्टीले कतिभन्दा पनि एउटै कुरो सुन्दैन भने यो सरकारलाई लोकतन्त्रवादी मान्न सकिँदैन। यो सरकारलाई ढाल्नुपर्छ।"....अर्थात् उनको यो झ्वाँकी झम्टाइभित्रको 'नेपाली कांग्रेस जस्तो' भन्नाले 'नेपाली कांग्रेस सबैभन्दा अब्बल लोकतन्त्रवादी पार्टी' भनेर बुझ्नु परिरहँदा हरेक लोकतन्त्र हिमायती सचेत नेपाली अभ्यन्तरको बोधस्थलमा काउकुती लाग्ने खण्ड पर्दछ। किनभने, वर्तमान नेकपाको एकमना सरकार लोकतान्त्रिक बिधि-प्रक्रियाबाट सर्वाधिक लोकमतद्वारा प्रदत्त अधिकारले मण्डित छ। सो बिधि-प्रक्रियामा शर्मनाक पछि परेको पार्टीले यो सरकारलाई ढाल्ने ढ्वाँस फर्माउनु चाहिँ बरु विवेकहीन अलोकतान्त्रिक ठहर्छ। हो, सरकारका क्रियाकलाप अलोकतान्त्रिक किंवा लोकतन्त्रको सिद्धान्त विलोम गुज्रिरहेको देखेर खबरदारी गर्नु चाहिँ प्रमुख प्रतिपक्षी पगरी अनुकूल ठहर्थ्यो। तर, विगतमा आफूले सरकार चलाउँदाका त्यस्तै त्यस्ता आफ्ना काम-कार्वाहीको सम्झनाले सायद उसलाई विरमशान बनेर तर्साउँदो हो।



घर मैलो भयो भने सक्नेले वा मैलो ठीक नमान्नेले कुचो लाउँछ, बडार-कुँडार गर्छ, घरै भत्काएको कतै सुनिएको छैन। राजनीतिको व्यवसायीकरण शुरु भई गति लिएयता सत्ताधिकार हत्याउन पुग्नेहरु कोही चोखो छैनन्, नेपाली कांग्रेस यस्तो सूचीमा तल छैन। संभवतः यसैकारण उसले उसको प्रमुख प्रतिपक्षी दायित्वमा पर्ने बिजिनेसबाट कोरा राजनीतिक उकुर्जीमा आफूलाई मूर्तिमान तुल्याइराख्नु बाहेक अन्य उपाय नदेखिरहेको हुँदो हो। यसप्रकार वर्तमान लोकतन्त्रमा नागरिक जीवन मूलतः यी दुई ध्रुबका नेतृत्व द्वन्द्वमा अप्ठ्यारो र अक्करिलो स्थितिको प्रकोपग्रस्त छन्। यही अहिलेको यथार्थ हो। र, आजलाई यत्ति नै। शेष फेरि–

# सूचनाको हक र सहकारी संस्था

कृष्णहरि बास्कोटा

**प्रत्येक सहकारी संस्थाले आफ्नो वार्षिक साधारण सभामा सम्पूर्ण प्रगति विवरण प्रस्तुत गर्नुपर्छ। यस्तो विवरणमा संस्था स्थापना भएदेखिको इतिहास र प्रगतिका कथाहरु समेटिइनुपर्छ। साथै संस्थाले गरेका सबै प्रकारका सामाजिक कार्यहरु, विभिन्न स्किम, कार्यक्रम, आयआर्जन लगायतका कामसहित संस्थाको नालीबेली समेटिएको अध्यक्षको प्रतिवेदन जारी गर्नुपर्छ। यस अतिरिक्त कोषाध्यक्षको आय व्ययको विवरण, लेखापरीक्षकको प्रतिवेदन, फोटो र अन्य आवश्यक सूचनाहरु सार्वजनिक गर्नुपर्छ।**

नेपालको संविधानले अवलम्बन गरेको तीन खम्बे अर्थनीति अनुसार सहकारी एक महत्वपूर्ण खम्बा हो। सहकारी आफैंमा अभियान भएकाले यसले रोडमोडेलका रूपमा जनतालाई सुसूचित गर्नुपर्छ। सहकारी संस्थाले हरेक तालिम तथा कार्यक्रममा नागरिकको सूचनाको हकलाई पाठ्यक्रमकै रूपमा अंगीकार गर्नुपर्छ। यी निकायले जनतालाई सूचना दिने र सूचना दिलाउन देशव्यापी अभियान शुरु गर्नुपर्छ। सहकारीको मूल्य-मान्यता भनेको स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धता नै हो। यसैगरी सहकारीको मूल्य-मान्यतामा इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल गर्ने जस्ता विषय पर्दछन्, जो सहकारीका नैतिक मूल्य हुन्।

सहकारीकर्मीमा स्वावलम्बीका दुई गुण हुनुपर्छ। पहिलो कुरा, ऊ आफ्नो भरपर्छ र दोस्रो कुरा, उसको आफ्नो भाग गर्छ। अर्काको भर नपरेपछि स्वावलम्बी र आत्मनिर्भर हुन्छ। आफ्नै खुट्टामा उभिन्छ। ऊ आसमा बाँच्दैन, प्रयासमा बाँच्छ। प्रयासमा बाँच्नेले पर्खदैन, थाल्छ। अनावश्यक शंका गर्दैन, आवश्यक आँट गर्छ। देख्नेले के भन्लान् भन्दैन, दैख्नेले नि जान्लान् भन्छ। उसले राख्छ, जतन गर्दछ, बचत गर्दछ। यस्ता आर्दशताबाट बसीभूत सहकारीकर्मी नै आमजनताका सच्चा साथी हुन्, जसले नागरिकको सूचनाको हकको उच्च सम्मान गर्दछन्।

सहकारी ऐन, २०७४ बमोजिम छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्नु नै सहकारीको मूल मर्म हो। सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास नै सहकारीको ध्येय हो। कम्तीमा ३० जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्ने कानूनी व्यवस्था छ। तर, एउटा सहकारी संस्थामा एक परिवारका एक जनाका दरले मात्रै सदस्य हुन पाइन्छ। कानूनमा जिल्ला सहकारी, प्रदेश सहकारी र राष्ट्रिय सहकारी संघहरू स्थापना हुने प्रावधान छ। यी सबै संयन्त्रहरू सार्वजनिक निकाय भएकाले यिनले सूचना अधिकारी तोक्ने, तीन-तीन महिनामा स्वतः प्रकाशन जारी गर्ने र आम सहकारीकर्मीमा सूचना लिने दिने संस्कृतिमा पारखी तुल्याउने दायित्व निर्वाह गर्नुपर्छ।

वर्तमान सहकारी ऐन बमोजिम जलविद्युत् आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडीबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानीमा पनि सहकारी संस्थाहरू जान सक्छन्। कानून बमोजिम सहकारी बैंकहरू गठन हुन सक्छ। यर्थाथमा, सहकारी संस्था अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित र संगठित संस्था हो। भाषिक, साहित्यिक, सञ्चार विशेष, कृषि, वन तथा पैदावारको उत्पादन, सञ्चय र प्रशोधन जस्ता व्यावसायिक क्षेत्रमा पनि सहकारीले काम गर्न सक्ने कानूनी व्यवस्था छ। वार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित हुने व्यक्ति सहकारी संस्थाको सदस्यबाट हट्नेछ। सहकारी ऐन बमोजिम सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित सञ्चालक समितिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्छ र एक परिवारबाट एकभन्दा बढी व्यक्ति सञ्चालक हुन पाइने छैन। कुनै पनि सहकारी संस्थाको सञ्चालकले आफ्नो स्वार्थ जोडिएको विषयको निर्णयमा सहभागी हुन नमिल्ने र व्यक्तिगत फाइदा हुने काम संस्थाबाट गराउन नहुने कानूनी व्यवस्था छ।

सहकारी संस्थाको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ ब्याजदर तोक्न सकिनेछ। सहकारी बैंकले प्रारम्भिक खर्च, अघिल्लो वर्षमा भएको नोक्सानी, पूँजी कोष, जोखिम व्यहोर्ने कोष र जगेडा कोष पूर्ति नगरेसम्म लाभांश घोषणा गर्न वा वितरण गर्न पाउँदैन। सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको २० प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्दैन। सहकारी संस्थामा एक जगेडा कोष रहनेछ। सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष पनि हुनुपर्छ।

सहकारी ऐन विपरीत काम गर्नेलाई १० वर्षसम्म कैदको सजाय हुने कानूनी व्यवस्था छ। नेपाल सरकारले विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारीको ज्ञान समावेश गर्नुपर्ने र यस विषयमा विश्वविद्यालयभित्र छुट्टै संकाय रहन सक्नेछ। नेपाल सरकारले कुनै पनि सहकारी संस्थालाई सात लाख ५० हजारसम्म बीऊ पूँजी अनुदान दिन सक्छ। त्यसैगरी, कूल स्थिर पूँजीको आवश्यकताको ६० प्रतिशतसम्म पूँजीगत अनुदान दिन र सञ्चालन अनुदानबापत आवश्यक अनुदान रकम दिन सकिने पनि व्यवस्था छ। यस्ता कानूनी प्रावधानका कारण सहकारी संस्था अझ बढी पारदर्शी हुन जरुरी देखिन्छ। यसर्थ, प्रत्येक सहकारी संस्थाले आफ्नो नाम र ठेगाना, दर्ता नम्बर र मिति, दर्ता गर्ने कार्यालय, कार्य क्षेत्र, सदस्य संख्या, सञ्चालक संख्या र सूचना अधिकारीको विवरण अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्छ। प्रत्येक सहकारी संस्थाले आफ्ना निकायसँग सम्बन्धित २०-बुँदे विवरण प्रत्येक तीन/तीन महिनामा सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था छ। यसमा संस्थाको स्वरूप र प्रकृति, काम, कर्तव्य र अधिकार, कर्मचारी संख्या र कार्य विवरण, प्रदान गरिने सेवा, जिम्मेवार अधिकारी, लाग्ने दस्तुर र अवधि, निर्णय प्रक्रिया, निर्णयउपर उजुरी सुन्ने अधिकारी, संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण, अघिल्लो आर्थिक वर्षमा सम्पदित कार्यक्रम, संस्थाको वेबसाइट सम्बन्धी विवरण र अन्य सूचना प्रकाशित गर्नुपर्छ। यसलाई सेवाको बजारीकरण भनिन्छ। साथै बोल्नेको पीठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भने झै संस्थाले सूचना प्रवाह गरेकै आधारमा तरक्की हासिल गर्ने हुन्छ।

त्यसैगरी, प्रत्येक सहकारी संस्थाले आफ्नो वार्षिक साधारण सभामा सम्पूर्ण प्रगति विवरण प्रस्तुत गर्नुपर्छ। यस्तो विवरणमा संस्था स्थापना भएदेखिको इतिहास र प्रगतिका कथाहरू समेटिइनुपर्छ। साथै संस्थाले गरेका सबै प्रकारका सामाजिक कार्यहरू, विभिन्न स्किम, कार्यक्रम, आयआर्जन लगायतका कामसहित संस्थाको नालीबेली समेटिएको अध्यक्षको प्रतिवेदन जारी गर्नुपर्छ। यस अतिरिक्त कोषाध्यक्षको आय व्ययको विवरण, लेखापरीक्षकको प्रतिवेदन, फोटो र अन्य आवश्यक सूचनाहरू सार्वजनिक गर्नुपर्छ। नेपाल संघीयतामा रूपान्तरित भएकाले सहकारी संस्थाको दर्ता, नवीकरण, सञ्चालन, नियमनको जिम्मेवारी स्थानीय तहमा पुगेको छ। यसर्थ, सहकारीकर्मीहरूले स्थानीय तहसँग मिलेर प्रत्येक पालिकामा सहकारीका सुपथ मूल्य पसल खोल्नुपर्छ। पालिकाभित्रको माग र आपूर्तिको व्यवस्थापन गर्ने जिम्मेवारी लिनुपर्छ। सहकारी खेती र सामुहिक खेती गर्नुपर्छ। नागरिकमा बचत गर्ने बानीको विकास गराउनुपर्छ।

कृषि उत्पादनको बजार व्यवस्थापन, ग्रेडिङ, प्याकेजिङ, स्टोर व्यवस्थापन, कोल्ड स्टोर, प्रोसेसिङ, ब्रान्डिङ गर्ने काम गर्नुपर्छ। पालिकासँग मिलेर खाद्यान्न, हरियो तरकारी, फलफूल, माछा-मासु र दूधजन्य पदार्थमा प्रत्येक पालिकालाई आत्मनिर्भर तुल्याउने कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै पालिकासँगको सहकार्यबाट जनताका दैनिक उपभोग्य अत्यावश्यक वस्तुको पहिचान गरी ती वस्तु तोकिएको मूल्य र गुणस्तरमा प्राप्त हुने सुनिश्चित गर्नुपर्छ। आमउपभोक्तालाई मूल्यसूची र लेबलको माध्यमद्वारा बिक्री गरिने वस्तुकाबारे सूचना दिनुपर्छ।

रोजगारीको अवसर जुटाउन सहकारी संस्थाले विभिन्न क्षेत्रमा सीपमूलक तालिम दिनुपर्छ। हाल नेपालमा नाफामूलक रहेका सेवा व्यवसाय, कपाल काट्ने सैलुन,ब्युटी पार्लर, सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, कृषि उत्पादनको प्याकेजिङ, ग्रेडिङ र प्रशोधन सम्बन्धी तालिम सञ्चालन गर्न सकिन्छ। त्यसैगरी, हस्तकलाका सामग्री निर्माण, खाडसारी उद्योग स्थापना, जडीबुटीको अक्सन हाउस, वडापिच्छे सुपथ मूल्यको सहकारी पसल स्थापना, साइकल, मोटरसाइकल, मोबाइल, रेडियो, घडी मर्मत, फोटोकपीको सेवा, फोटो खिच्ने पसल, डाइल्किन सप, पत्रिका पसल सञ्चालन, तरकारी संकलन र बिक्री केन्द्र, खाद्यान्नको होम डेलिभरी र गाउँ, नगर र टोलको सफाइ कार्यक्रम सञ्चालन सम्बन्धी तालिम सञ्चालन गर्न सकिन्छ। यस अतिरिक्त सिलाइ-बुनाइ, घरेलु हस्तकला वा काष्ठकला, स्टिल फिक्सर, वेल्डिङ, पेन्टिङ, कडाइ(बुटिक), कम्प्युटर तालिम, खरायो पालन, कुखुरा पालन, बाख्रापालन, गाई भैंसी पालन, बंगुरपालन र अस्ट्रिजपालनको तालिम दिन सकिन्छ।

साथै बेमौसमी तथा उन्नत तरकारी खेती, च्याउ खेती, फलफूल खेती, माछापालन, मौरी पालन, जडीबुटी प्रशोधन, होटल मेनेजमेन्ट, होमस्टे, कुक तालिम, ट्रेकिङ गाइड, प्याराग्लाइडिङ, रोपग्लाइडिङ तालिम, रिसोर्ट सञ्चालन, मोटेल सञ्चालन र शाहसिक खेल, ड्राइभिङ र लाइफगार्ड तालिम स्वास्थ्य सेवातर्फ, प्याथलोजी, एक्सरे, एमआरआई, अल्टासाउन्ड, ब्लड बैक सञ्चालनसम्बन्धी तालिम दिन सकिन्छ। यस्ता तालिमपछि युवालाई स्वरोजगारीका लागि बीऊ पूँजी उपलब्ध गराउन पनि सहकारी संस्थाहरू अग्रसर हुनुपर्छ। अन्त्यमा, नेपालभरिका सबै सहकारी संस्थाले अनिवार्य रूपमा आफ्नो वेबसाइट निर्माण गर्नुपर्छ। यस्ता वेबसाइट सधै अद्यावधिक गर्ने व्यवस्था मिलाउनुपर्छ। प्रत्येक वर्षको वार्षिक प्रतिवेदन तयार गरी सबै सदस्यलाई वितरण गर्नुपर्छ। सहकारी संस्थाबाट सञ्चालित सबै कार्यक्रम स्थलमा अनिवार्य रूपमा होर्डिङ बोर्ड राख्नुपर्छ। प्रत्येक महिनामा वा दुई महिनामा वा कम्तीमा चौमासिक रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्नुपर्छ। नागरिक बडापत्रको माध्यमद्वारा सहकारी संस्थाले प्रदान गर्ने सेवाको बजारीकरण गर्नुपर्छ।

आमसञ्चारमाध्यमको प्रयोग गरी आफ्नो संस्थाबाट सम्पादित कामको प्रचार-प्रसार गर्नुपर्छ। प्रत्येक सहकारी संस्थाले सूचना अधिकारी तोकी निजलाई नियमित रूपमा संस्थाका सूचनाहरू उपलब्ध गराउनुपर्छ। निज सूचना अधिकारीले नागरिकले माग गरेका सूचना तत्काल उपलब्ध गराउनुपर्छ। साथै निजले नियमित रूपमा मिट द प्रेसको कार्यक्रम आयोजना गर्नुपर्छ। सम्भवतः यस्ता शत् कार्यमा संलग्न रहनेगरी मन, वचन र कर्मले प्रतिबद्ध भएमा नेपालमा सहकारी क्षेत्र तुलनात्मक रूपमा परिणाममुखी, पारदर्शी, विकृतिरहित, सदाचार र सुशासनयुक्त एवम् जनतामैत्री निकायका रूपमा पहिचान निर्माण गर्न सफल हुनेछ भनी विश्वास लिन सकिन्छ।

# कालिकापीठमा साउनभर महायज्ञ



**बिर्तामोड, साउन १।** देवताका पनि देवता मानिने शिव महादेवको प्रिय महिना साउनभर कालिकापीठ कालीस्थानमा दैनिक रुद्राभिषेक महायज्ञ गरिने भएको छ ।

बुधबार पीठका अध्यक्ष ज्योतिषाचार्य लक्ष्मीप्रसाद पोखरेलले रुद्राभिषेक महायज्ञ गराउँदै महायज्ञको प्रारम्भ गरेका हुन् । श्रद्धालु भक्तजनको इच्छा अनुसार साउन महिनाभर रुद्राभिषेक महायज्ञ गर्न सकिने पनि पीठका प्राचार्य आ. रघुनाथ रिजालले जानकारी दिए । पीठमा रहेको जयन्तेश्वर शिवालयमा दैनिक रुद्राभिषेक महायज्ञ हुँदै आए पनि साउन महिनाभर भगवान शिवको पूजा, उपासना, वैदिक मन्त्रोच्चारणसहित लघु रुद्राभिषेक महायज्ञ गरिने भएको हो । पीठमा वर्षेनि साउन महिनाभर भगवान शिवको विशेष पूजा-आरधना गरिँदै आएकोमा यस बर्ष पनि निरन्तरता दिइएको उपाध्यक्ष डिल्लीराम दाहालले जानकारी दिए ।

वैदिक ग्रन्थ तथा पुराणहरुमा उल्लेख भए अनुसार शिवरात्री, साउन महिना र प्रत्येक महिनाको सोमबार शिव भगवानको पूजा-उपासनाका लागि उत्तम मानिन्छ । समुन्द्र मंथनबाट कालकुट बिष निस्केर संसार भष्म हुन लाग्दा भगवान शिवशंकरले विषलाई ग्रहण गरी आफ्नो कण्ठमा समाहीत गरी समग्र सृष्टिको संरक्षण गरेको स्मरण गर्दै उक्त विष शमनका लागि जल, दूध, दही, ध्यू, ऊखु, चिनी, सख्खर आदिद्वारा शिवजीलाई स्नान गराएर यिनै वस्तुहरुको अभिषेक दिदै वैदिक मन्त्रोच्चारणसहित विशेष पूजा-आरधना गर्ने प्रचलन बसेको आचार्य रिजालले जानकारी दिए ।

साउन महिनामा शिवजीलाई जलार्पणसहित विशेष पूजा-आरधना गर्नाले पारिवारिक समृद्धिका साथै मनोवांछित फल प्राप्त हुने जनविश्वास छ । पुराणहरुमा उल्लेख भए अनुसार शिवजीलाई जलले अभिषेक गर्दा वर्षा तथा शान्ति, उखुको रस अथवा महले अभिषेक गर्दा धन लाभ, दूधले अभिषेक गर्दा पुत्रपुत्री प्राप्ति, ध्यूले अभिषेक गर्दा वंश बृद्धि, सख्खर मिश्रित दूधले अभिषेक गर्दा बौद्धिकता, तोरी वा तिलको तेलले अभिषेक गर्दा शत्रु नास हुने, सख्खर अर्पण गर्दा पापकर्मको क्षय भई रोगब्याधिबाट मुक्ति मिल्ने विश्वास गरिन्छ ।

त्यस्तै भगवान शिवलाई कमल-पत्र, विल्वपत्र तथा शंखपुष्प चढाएर पूजा अर्चना गर्दा धन-धान्य प्राप्ति हुने र आँकको फूल चढाउँदा मान-सम्मान प्राप्ति हुने पुराणादी ग्रन्थहरुमा उल्लेख पाइन्छ । त्यस्तै भाङ धतुरो आदिको अर्पणबाट ज्वरो तथा विषभयबाट मुक्ति मिल्ने जन विश्वास पनि छ ।

श्रावण महिनाको शुरुवातसँगै सूर्यले दक्षिणतर्फको यात्रा तय गर्ने र सूर्य मिथुन राशीबाट कर्कट राशीमा सर्ने भएकाले श्रावण १ बाट दक्षिणायन शुरु भएको मानिन्छ, साउने संक्रान्तिलाई कर्कट संक्रान्ति भन्ने चलन पनि छ ।

विशेषतः साउन महिनाको सोमबार अविवाहित महिलाहरुले हातभरि हरियो चुरा, मेहन्दी लगायतका श्रृंगार सामग्री लगाएर शिवको पूजा-उपासना गर्नाले सुयोग्य वर मिल्ने जनविश्वास पनि रही आएको छ । विवाहित महिलाहरुले पारिवारिक समृद्धिको कामनासहित साउन महिनाभर हविष्य भोजन मात्रै ग्रहण गर्ने गरेको पाइन्छ ।

# खानेपानीको बोर्डमा आगलागी

**काँकरभिट्टा, साउन १।** काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको प्यानल वोर्डमा आगलागी हुँदा करिब सात लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

विद्युत् सट हुँदा भएको आगलागीबाट संस्थाको प्यानल वोर्ड, ट्रान्सफर्मा, मिटर तथा अन्य विद्युतीय उपकरणमा क्षति पुगेको संस्थाका अध्यक्ष हर्कबहादुर फि्याकले जानकारी दिए ।

संस्थाको अपरेटीङ रुमबाट एक्कासी विद्युत् सट भई घटना भएको थियो । समयमै कर्मचारी र स्थानीयको प्रयासमा आगो निभाइएको थियो । आगो नियन्त्रण बाहिर गएको भए थप क्षति हुने संस्थाका कोषाध्यक्ष दिलीप सुवेदीले बताए ।

अहिले संस्थाले वैकल्पिक व्यवस्था गरेर पानी वितरणलाई सहज बनाएको छ । यसको मर्मत तथा सम्भारमा एकसाता बढी समय लाग्ने बताइएको छ ।


## वैदेशिक रोजगारको सुवर्ण अवसर

Company Name: Ejadah Asset Management LLC

पूर्व स्विकृति मिति: २०१९-०२-२७ | चलानी नं.: ६०१३७७६७ | LT No. २१७९४९

| क्र.स. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब महिला | नेरु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | ५८८ | २९३ | ८०० | कं नि. अनुसार | ८ घन्टा | ६ दिन | कं नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | दरखास्त बुझाउनु पर्ने स्थान | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | हुने रोजगारदाता कम्पनी | नि:शुल्क | नि:शुल्क | कार्यालय भवनमा | १०,०००/- |

प्रि अन्तरवार्ता धमाधम भईरहेको छ ।
फाइनल अन्तरवार्ता यहि श्रावण ७ गते मोक्ष होटलमा हुनेछ ।
नोट -अनुभव को आधारमा सुपरभाइजर को पनि छनोट हुनेछ ।

प्याराडाईज इन्टरनेशनल प्रा. लि.
फोन नं. ०१५५३४०४२, ९८४१७७१६६७१, ९८०२०७८७०५, ९८०६०९७८१९ ९८२४०९७५३२, ९८५२६७९७०५


# केशवाचार्यलाई अभिनन्दन



रत्नबहादुर बस्नेत

**बिर्तामोड, साउन १।** गुरुपूर्णिमा तथा व्यासजयन्तीको अवसरमा सनातन धर्म सेवा समिति झापाद्वारा जगतगुरु आश्रम माइधार लक्ष्मीनारायण मन्दिरका वेदाचार्य स्वामी केशवाचार्यलाई अभिनन्दन गरिएको छ ।

२९औं अभिनन्दन समारोह २०७६ अन्तर्गत बिर्तामोड-४ स्थित सनातन धर्म सेवा समिति जिल्ला शाखाको भवनमा आयोजित कार्यक्रममा स्वामी केशवाचार्यलाई सम्पूर्ण धर्म ग्रन्थको व्याख्या र प्रवचनको माध्यमबाट वैदिक सनातन धर्मको संरक्षण सम्वर्द्धनमा पु¥याएको योगदानको कदर गर्दै अभिनन्दन गरिएको हो ।

सनातन धर्म सेवा समिति झापाका कार्यवाहक सभापति पं.सोमनाथ सुबेदीको अध्यक्षता तथा बिर्तामोड नपा-४ का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा स्वागत उपसभापति गंगाप्रसाद भट्टराईले गरेका थिए ।

स्कोन नेपाल झापाका सचिव शान्तिदाता माधवदासको अगुवाइमा ॐकार उच्चारण गरेर प्रारम्भ भएको कार्यक्रममा ईश प्रार्थना हेमप्रसाद खनाल र स्वस्तिवाचन लक्ष्मीनारायण मन्दिरका विद्यार्थीले गरेका थिए।

अभिनन्दित व्यक्तित्वको परिचय ज्योतिष पं. विष्णुप्रसाद बाँस्तोलाले र अभिनन्दन वाचन लक्ष्मीप्रसाद दंगालले गरेका थिए भने प्रमुख अतिथि संग्रौलाले सम्मान पत्रले र सभापति सुबेदीले दोसल्लाह ओडाएर अभिनन्दन गरिएको थियो ।

स्वामी केशवाचार्यले आशिर्वचन प्रदान गरेको कार्यक्रममा सतासीधाम व्यवस्थापन समितिका अध्यक्ष प्रसाद सुब्बा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा त्रिफला राष्ट्रिय पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारी, धर्म निर्णायक परिषदका सदस्य पं.नारायणप्रसाद भट्टराई, सल्लाहकार गणेशप्रसाद खनाल,सोमनाथ गौतम, पूर्व अभिनन्दित व्यक्तित्व पराङ्कुश पौडेल, जिल्ला सदस्य नरबहादुर खड्का, रुपादेवी खनाल लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव लक्ष्मीप्रसाद दंगालले गरेका थिए ।

# सिसेक्पा तङ्नाममा शुभकामना

अमृत योङहाङ

**दुर्गापुर, साउन १।** कनकाई नगरपालिका-७ दुर्गापुरस्थित किरात याक्थुङ चुम्लुङ वडा कार्य समितिको आयोजनामा सिसेक्पा तङनाम (साउने संक्रान्ती)को अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

लिम्बू समुदायले परम्परागत रुपमा सहकाल आगमनको निमित्त घरदैलोमा बाबियोको डोरीमा तुलफूलको तोरण झुण्ड्याएर बेलुकी साँझमा थाल नाङ्लो आदि बजाएर अनिकाललाई विदा गर्ने प्रचलन रहेको छ ।

किरात याक्थुङ चुम्लुङका वडाध्यक्ष प्रेमकुमार फोम्बोको अध्यक्षता तथा राष्ट्रिय चुम्लुङ सदस्य अमृत योङहाङको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा दुर्गा नेम्वाङले कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए ।

सो अवसरमा विशेष अतिथि किरात याक्थुङ चुम्लुङ प्रदेश नं. १ का सदस्य इक्साहाङ चेम्जोङ, पूर्व जिल्ला कोषाध्यक्ष चन्द्रमान कन्दङवा, पूर्व जिल्ला सदस्य भक्तबहादुर मेयाङ्वो, जसबहादुर आङथुपो, गोविन्द सावा, डिल्ली मावो, युनिसा साउदेन, मनबहादुर मेयाङवो लगायतले शुभकामना मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन सचिव महेन्द्र कन्दङ्वाले गरेका थिए ।

# डुबेर र करेन्ट लागेर चारको मृत्यु

**झापा, साउन १।** भोजपुरको आमचोक गाउँपालिका-२ थामडाँडामा रहेको पोखरीमा पौडी खेल्ने क्रममा डुबेर दुई युवकको मृत्यु भएको छ ।

खोलामा पोखरीमा पौडी खेल्ने क्रममा आमचोक गाउँपालिका-१ का २५ बर्षीय निमा शेर्पा र २० बर्षीय गेल्बु शेर्पाको मृत्यु भएको हो ।

उता मोरङको सुन्दरहरैचा नगरपालिका-५ जनता गृल उद्योगका कामदार भोजपुर देउरालीका २० बर्षीय प्रकाश कार्कीको करेन्ट लागेर मृत्यु भएको छ । गृल उद्योग नजिकै रहेको लक्ष्मी सरस्वती खाजा घरको होडिङ्बोर्ड विग्रिएपछि मर्मत गर्ने क्रममा उनको मृत्यु भएको हो ।

त्यस्तै सुनसरीको इनरुवा नगरपालिका-८ का १९ बर्षीय अजय मेहेताको पनी करेन्ट लागेर मृत्यु भएको छ । बिजुलीको स्वीच थिच्ने क्रममा करेन्ट लागेर घाइते भएका मेहेताको जिल्ला अस्पताल इनरुवामा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।


## २१ दिनमा नै दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. | शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ | चलानी नं. ६०१४१४३९ | लट नं. २२१७७९

| पद | संख्या | तलब AED | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| Sales Assisstant | १५ (महिला) | १५००/- | ४४,६७०/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Waiter/Waitress | १५(महिला/पुरुष) | १५००/- | ४४,६७०/- | | | | |
| Bakery Worker | १५ (पुरुष) | ८००/- | २३,८२५/- | | | | |
| Bike Bider | १० (पुरुष) | १२००/- | ३५,७३५/- | | | | |
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | | | | |

नोटः रवर सेन्डाई कम्पनी कतारबाट ८० जना स्काफोल्डरहरुको माग भई आएको छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला। तलब खान/बस्नसहित ८ घण्टाको १२००QR हुनेछ। २/३ घण्टा ओभरटाइम अनिवार्य चल्छ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२
सम्पर्कः ९८०८०७४५९८, ९८०३०७४४३९



## QATAR मा महिला Cleaner को अर्जेन्ट आवश्यकता

कम्पनी : A to Z Service Company, Doha, Qatar

पूर्व स्वीकृत मिति:- २०७६/०२/३० | चलानी नम्बर:- ६०१४०९३३ | LT.NO. 221241
पूर्व स्वीकृत मिति:- २०७६/०२/३० | चलानी नम्बर:- ६०१४०९३४ | LT.NO. 221242

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | १७६ | - | सम्बन्धित काममा दक्ष | 900 | २७,९००/- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Gen, Cleaner, Worker | - | ७० | | 900 | २७,९००/- | | | | | | | |

नोट : दुवई, कतार, बहराईन, ओमन र कुवेतमा हाउस मेडमा काम गरेका र अरबीक भाषा बोल्न जान्नेलाई बिशेष ग्रायता दिईनेछ ।

फाईनल अन्तरवार्ता सम्बन्धीत कम्पनीको प्रतिनिधीबाट यही साउन २ गते तदनुसार 18 Jul 2019 बिर्तामोडको मोक्ष होटलमा हुनेछ

कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्टस प्रा. लि.
बालुवाटार, काठमाडौं, नेपाल, फोन: ०१ ४४४५५५
Mob.: +977 9801081775, 9802070510, 9851231775 9801033974, 9863521580, 9813416512


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| चन्द्रप्रसाद ताजपुरिया | पाँचगाछी-४ | ७६ | ०-१५-० | इन्द्रलाल ताजपुरिया |
| " | " | १९२९ | ०-०-१२.७५ | शेरसिंह ताजपुरिया |
| दुलप राजवंशी | पथरिया-१ | १४३३ | ३३८५.९५ | चुनु सतार/चुनु मुर्मु सतार |
| " | " | १६६१ | १२४५.७५ | पर्वत सिंह राजवंशी |
| दोरोपति देवी शाह | कुमरखोद-७ | ४६ | १३०६५.०० | लोदा मुर्मु सतार |
| " | " | २८२ | ५२३५.०० | मराङ्गा टुडु सतार |
| " | " | २८१ | ७१३५.०० | वैजुन मुर्मु सतार |
| वुद्धिलाल राजवंशी | ज्यामिरगडी-३ | ३३८ | १-०-५ | दशरथ चौधरी |
| " | " | ३१७ | ०-४-१० | वागर चौधरी |
| विवामाया वि.क. | दमक-२ | २०७० | ०-१-० | कर्णबहादुर कटुवाल |
| विष्णुप्रसाद शाह | गौरीगञ्ज-६ | १००२ | ०-०-१० | गादी/गेढीया राजवंशी |
| " | " | १७४ | ०३४७.०० | " |
| विष्णु प्रसाद शाह | गौरीगञ्ज-६ | ९९९ | ०-०-१० | गेढीया/गोढीया राजवंशी |
| " | " | १७४ | ०३४७.०० | " |
| विष्णुप्रसाद शाह | गौरीगञ्ज-६ | १६ | ०२२०.०० | टेपुवा साह तेली |
| शिवनारायण ताजपुरिया | गौरीगञ्ज-६ | १७५ | ३४०.०० | गोढीया/माझी राजवंशी |
| शिवनारायण ताजपुरिया | जुरोपानी-१ | ८२१ | ०१२३०.०० | नकारु माझी |
| शिवनारायण ताजपुरिया | जुरोपानी-१ | ८१८ | ४२४५.०० | अफरना माझी |
| शिवनारायण ताजपुरिया | जुरोपानी-१ | ७७५ | ०१०१५.०० | गात सरवरिया |
| शिवनारायण ताजपुरिया | जुरोपानी-१ | १०६७ | ०३११५.०० | भ्याल बा. ताजपुरिया |
| " | " | ८१९ | ०१२१०.०० | " |


सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।

गणपति स्टील एण्ड आल्मुनियम हाउस
सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी
मो. ९८१६००६३७३, ९८१४०५२६०१

# जेसीज सप्ताहमा सात तालिम






**काँकरभिट्टा, साउन १।** झापाको मेचीनगरमा बुधबारदेखि जेसीज सप्ताह शुरु भएको छ ।

सोही अवसरमा मेचीनगर लेडी जेसीजले साताव्यापी कार्यक्रम शुरु गरेको छ । संस्थाकी अध्यक्ष मञ्जु भण्डारी खनालका अनुसार मेचीनगर लेडी जेसीजले सात दिनसम्म विभिन्न प्रकारका तालिम आयोजना गरी सप्ताह मनाउन लागिएको हो ।

आदर्श माध्यमिक विद्यालय इँटाभट्टाको सभाहलमा शुरु भएको सप्ताहको प्रमुख अतिथि नेपाल जेसीजका राष्ट्रिय तालिम आयुक्त एकराज गिरीले विधिवत् उद्घाटन गरेका थिए । उनले जेसीज आफूभित्र रहेको प्रतिभा र क्षमता बाहिर ल्याउने हरेक मानिसहरुको साझा फोरम भएको बताए ।

तालिममा सिकेको सीप व्यवहारमा कार्यान्वयन गर्न आग्रह गर्दै सहभागीहरुलाई यो अवसरको सदुपयोग गर्न समेत आयुक्त गिरीले अनुरोध गरे । विशिष्ट अतिथि नेपाल जेसीज क्षेत्र 'क' उपकरण निर्देशक अजय देव, धुलावारी जेसीजका अध्यक्ष केशव पोखरेल लगायतले मन्तव्य राखेका थिए ।

संस्थाकी अध्यक्ष भण्डारीले उद्घाटन सत्रको सभापतित्व गर्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पारेकी थिइन् । उनले नेतृत्व विकासका विषयमा लेडी जेसीजका संस्थापक अध्यक्ष कविता शर्माले, माइन्युट लेखनमा मिलनकुमार ढुंगानाले, तनाव व्यवस्थापनका विषयमा राजकुमार साहले, संसदीय बैठक प्रणलीका विषयमा लक्ष्मी राईले, दिगो विकासको लक्ष्य तथा नेतृत्व विकासका विषयमा विजय तिम्सिनाले, उत्प्रेरणाका विषयमा जय तिम्सिनाले र भाषण कलाका विषयमा शोभा श्रेष्ठले सहजीकरण गर्ने जानकारी दिइन् ।

संस्थाकी महासचिव गीता ओझाले सञ्चालन गरेको उद्घाटन सत्रमा स्वागत तालिम संयोजक रश्मी थापाले आस्था वाचन उपाध्यक्ष अनिता गुगराईंले गरेकी थिइन् । संस्थाकी मूल संयोजक सीता पुरीका अनुसार सबै तालिम मेचीनगरका विभिन्न वडामा हुने छन् । तालिममा नगरभित्रका ५० जनाभन्दा बढी महिलाहरुको सहभागिता रहेको छ ।

## बिर्तामोड-भद्रपुर सडक खण्ड
# निर्माण ढिलाइले जोखिम बढ्यो



**बिर्तामोड, साउन १।** बिर्तामोड-भद्रपुर सडक खण्ड समयमा निर्माण हुन नसक्दा जोखिम बढेर गएको छ ।

मुक्तिचोक दक्षिण र मेची आँखा अस्पताल पूर्वको चार किलोमिटर सडकखण्डको दुवै तर्फ भत्काइका कारण जोखिम बढेर गएको हो । सडकमा बनाइएका खाल्डाका सवारीसाधनसहित पैदाल यात्री समेत उच्च जोखिममा छन् । वर्षाका कारण सडक जलमग्न र हिलाम्मे भएपछि सडकमा बनाइएका खाल्डा नदेखिँदा जोखिम बढेर गएको हो ।

चारलेनको सडक निमार्णका लागि गत वर्ष असार २४ गते आशिष प्रेरा जेभीले सडक निर्माणका लागि सम्झौता गरेको थियो । १८ महिनामा सडक निर्माण सम्पन्न गर्ने गरी बिर्तामोड-भद्रपुर सडकखण्ड निर्माण प्रक्रिया थाले पनि २० प्रतिशत समेत काम नभएको स्थानीयको आरोप छ । समयमा सडक नबन्दा स्थानीयबासी अहिले प्रत्यक्ष मारमा परेको स्थानीय रेवत खनालले बताए । उनले भने- 'समयमा सडक नबन्दा व्यापार व्यवसाय खस्केर गएको छ ।' निर्माण कम्पनी र नगरपालिकाका पदाधिकारीकै मिलेमत्तोमा सडक समयमा निर्माण नगरेको उनको आरोप छ ।

बिर्तामोडलाई स्मार्ट सिटीको अवधारणासहित तामझामका साथ सडक निर्माण प्रक्रिया शुरु गरिएको थियो । प्रदेश सांसद एकराज कार्की र बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटी आफैंले डोजर चलाएर १५ महिनाअघि सडकको शिलान्यास गरे पनि निर्माण कम्पनीले समयमा काम नगर्दा सडकमा जोखिम बढेर गएको हो ।

एसीयाली विकास बैंकको आर्थिक सहयोगमा बिर्तामोडदेखि भद्रपुरसम्मको सडकको ठेक्का तीन बर्ष अगाडि नै लागेको थियो । सन् २०१४ को मे ३० मा थोदुङ लोहनी र सिंह एण्ड ब्रदर्श जे.भी. कम्पनीले १० करोड ७५ हजार रुपैयाँमा (भ्याटसहित) सो सडक ठेक्का लिएको थियो ।

तर, ठेकेदारले समयभित्र काम गर्न नसकेपछि सडक बिभागले सन् २०१५ को डिसेम्बरमा ठेक्का तोड्यो । आफ्नै कमजोरीले समयमा काम गर्न नसकेका ती ठेकेदार कम्पनीले उल्टै सडक विभागमाथि मुद्धा हालेपछि सडक निर्माणमा अनिश्चितता देखिएको थियो ।

करिब एक बर्ष सर्वोच्च अदालतमा मुद्दा चलेपछि सडकको पक्षमा सर्वोच्चले मुद्दा फैसला गर्‍यो । मुद्दा फैसलासँगै आशिष प्रेरा जेभीले पुनः २७ करोड रुपैयाँको लागतमा सडक निर्माणको जिम्मा लिएको हो । तर, उक्त कम्पनीले समेत समयमा काम नगर्दा यहाँका स्थानीयले कहिले विरोध जनाए त कहिले सडकमै धान रोपेर दवाब दिए । तर, नियमनकारी निकाय सडक डिभिजन कार्यालय र स्थानीय प्रशासन बिर्तामोड नगरपालिकाले चासो नदेखाउँदा समयमा सडक निर्माण हुन नसकेको बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव प्रशान्त भण्डारी बताउँछन् ।

बिर्तामोडको मुक्तिचोकदेखि भद्रपुरको लेखनाथ चोकसम्म १४ किलोमिटर सडक दुई चरणमा निर्माण गर्ने सम्झौता छ । सम्झौता अनुसार सडक निर्माण कार्य २०७६ असोजभित्र सकिनुपर्ने भए पनि अहिले २० प्रतिशत पनि काम नभएको राष्ट्रिय उपभोक्त मञ्च झापाका अध्यक्ष मदन गोपाल सुब्बा बताउँछन् ।

बिर्तामोड-भद्रपुर सडकखण्डको अधिकांश भाग भत्किएको भए पनि पहिलो चरणमा भने बिर्तामोडको मुक्ति चोकदेखि चार किलोमिटर सडक मात्रै बन्न लागेको हो । चार किलोमिटर मध्ये २.८ किलोमिटर सडक १६ मिटर चौडा, एक मिटर नाली र फुटपाथसहित जम्मा २३ मिटर चौडा हुनेछ । यो चार लेनको बन्नेछ । बाँकी सडक सात मिटर चौडाको दुई लेनको बन्नेछ । पाँच सेन्टिमिटरसम्म आस्फाल कंक्रिट प्रयोग गरी सडक निर्माण हुने बताइएको छ ।

निर्माण कम्पनीले काम नै नगरेको आरोप लागिरहेका वेला बिर्तामोड भद्रपुर सडक निर्माण समन्वय समितिका अध्यक्ष चैतन्य मैनालीले भने बुझाबुझकै कारण समयमा सडक निर्माण हुन नसकेको बताए । बिर्तामोड आफैंमा शहरी क्षेत्र भएकाले समयमा सडक निर्माण हुन नसकेको उनको भनाइ छ ।

निर्माणाधीन बिर्तामोड-चन्द्रगढी सडकको बिर्ताबजार खण्डमा सडक सीमाभित्र परेर घर भत्काएका थप सात जना घरधनीहरुले क्षतिपूर्ति पाएका छन् । सडक सीमाभित्र घर टहरा परेकाले आफैं भत्काउने सात जना घरधनीहरुले दोस्रो चरणमा एक करोड ३२ लाख ७३ हजार सात सय ६३ रुपैयाँ क्षतिपूर्ति पाएका हुन् । यसअघि पहिलो चरणमा ६ जनाले ४४ लाख सात हजार पाँच सय ७२ रुपैयाँ क्षतिपूर्ति पाएका थिए ।

गत जेठ २ गतेको मन्त्रिपरिषद बैठकले निर्माणाधीन बिर्तामोड-चन्द्रगढी सहायक राजमार्गको बिर्ताबजार खण्डका सडक सीमाभित्र परेका जग्गामा बनेका स्थायी वा अस्थायी घरटहरा तथा अन्य संरचनाहरुको क्षतिपूर्ति दिने निर्णय गरेको थियो । सो सडकको सीमाभित्र २९ जनाको घर परेको छ । उनीहरुलाई तीन करोड एक लाख ५४ हजार पाँच सय ६८ रुपैयाँ क्षतिपूर्ति दिने सरकारले निर्णय गरेको छ ।

यता सडक निर्माण कम्पनीका सुपरभाइजर रुपनारायण ढकालले भने सडक निर्माणको काम भइरहेको बताउँदै ड्रेनको काम अफठ्यारो भएका कारण समयमा गर्न नसकिएको बताएका छन् । तामझामका साथ सडक निर्माण थालिए पनि सयमयमा काम नहुँदा बिर्तामोडबासीको व्यापारमा समेत गिरावट आएको स्थानीय व्यवसायी रुपक थापाले बताए ।

यता समयमा सडक नबनेका कारण जोखिमसँगै संक्रमणको समेत त्रास बढेर गएको सरोकारवालाको भनाई छ । उता सडक र प्लटिङकै कारण पानीको निकास नहुँदा मेची आँखा अस्पताल डुवानमा परेको थियो ।

सडकले पानीको निकास नराखेको र प्लटिङले समेत निकासका लागि उचित ठाँउको व्यवस्थापन नगरेकै कारण आँखा अस्पताल डुवानमा परेको अस्पतालका प्रशासकीय अधिकृत सुरज रौनियारले बताए । अस्पताल परिसर डुवानका कारण सेवाग्राहीलाई सेवा लिन कठिनाइ भएको उनको भनाई छ ।

# वडाध्यक्षले फर्काए बेरुजु भत्ता

**भद्रपुर, साउन १।** झापाको मेचीनगर नगरपालिका-६ का अध्यक्ष ललित तामाङले प्रदेश कानून बन्नुभन्दा अघि मासिक भत्तावापत लिएको रु. ६५ हजार फिर्ता गरेका छन् ।

नेपाली कांग्रेसबाट निर्वाचित वडाध्यक्ष तामाङले मंगलबार नगरपालिकामा आएर सो रकम फिर्ता गरेको नगरपालिकाका सूचना अधिकारी पदमबहादुर कार्कीले जानकारी दिए । स्थानीय तहको निर्वाचनपछि वि.सं. २०७४ पुस २७ गते मेचीनगर नगरपालिकाको पहिलो नगरसभाले जनप्रतिनिधिको सेवासुविधा तोक्ने क्रममा वडाध्यक्षलाई मासिक भत्ता रु. २३ हजार पाँच सय दिने निर्णय गरेको थियो ।

तर, २०७५ जेठ १३ गते प्रदेश नं. १ ले नगर तथा गाउँपालिकाका जनप्रतिनिधिको सेवासुविधा सम्बन्धमा पारित गरेको कानूनमा नगरपालिकाका वडाध्यक्षको मासिक भत्ता रु. २० हजार मात्र हुने उल्लेख भयो । महालेखा परीक्षकको प्रतिवेदनमा प्रदेशको कानून बन्नुअघि लिएको बढी सेवासुविधालाई बेरुजुमा राखेर जनप्रतिनिधिबाटै असुल गर्नुपर्ने उल्लेख गरिएको छ ।

मेचीनगर नगरपालिकामा नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य लगायत जनप्रतिनिधिले प्रदेश कानून बन्नुअघि बढी सेवासुविधा लिएवापत बेरुजुमा परेको मासिक भत्ता रु. ४५ लाख रहेको छ ।

त्यस्तो बेरुजु फिर्ता गर्ने पहिलो जनप्रतिनिधि वडाध्यक्ष तामाङ हुन् । 'कानूनभन्दा माथि कोही हुँदैन, बेरुजु देखिएको सेवासुविधा मैले इमान्दारीपूर्वक फिर्ता गरेको हुँ' -सेवासुविधा फिर्ता गरेका वडाध्यक्ष तामाङले भने- 'अरु जनप्रतिनिधिले पनि यसरी नै नगरपालिकालाई सेवासुविधा फिर्ता गर्नुपर्छ ।'

मेचीनगरको पहिलो नगरसभाबाट नगरप्रमुखको रु. ४० हजार एक सय ५०, उपप्रमुखको रु. ३५ हजार, वडाध्यक्ष र कार्यपालिका सदस्यको रु. २३ हजार पाँच सय र वडा सदस्यको रु. सात हजार मासिक पारिश्रमिक हुनेगरी निर्णय भएपछि सोही अनुसार जनप्रतिनिधिले सेवासुविधा लिएका थिए ।

तर, प्रदेशसभाले पारित गरेको सुविधासम्बन्धी ऐनमा नगरप्रमुखको रु. ३० हजार पाँच सय, उपप्रमुखको रु. २६ हजार छ सय, वडाध्यक्षको रु. २० हजार, कार्यपालिका सदस्यको रु. १२ हजार पाँच सय र वडा सदस्यको रु. छ हजार पाँच सय मासिक भत्ता तोकिएको छ । सोही अनुसार २०७४ साउनदेखि २०७५ जेठसम्मको अवधिमा मेचीनगरका जनप्रतिनिधिले लिएको बढी पारिश्रमिक फिर्ता गर्नुपर्ने भएको हो ।

# कृषिको दुई करोड फ्रिज

**इलाम, साउन १।** इलाममा कृषि विकासमा छुट्याइएको दुई करोड १८ लाख रुपैयाँ फ्रिज भएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमार्फत जिल्लामा कृषिको व्यवसायिक प्रवर्द्धनका लागि विनियोजित रकम खर्च हुन नसकेपछि बजेट फ्रिज भएको कृषि ज्ञान केन्द्र इलामका प्रमुख रामसोगारथ साहले बताए ।

अदुवा मिसन कार्यक्रम, चैते धान विशेष कार्यक्रम, खाद्यान्न बीऊ आत्मनिर्भर कार्यक्रम, नमूना कृषि फार्म, सुन्तला जात बगैंचा व्यवस्थापनका नाममा आएको रकम खर्च नभई फिर्ता भएको कृषि ज्ञान केन्द्र इलामले जनाएको छ ।


त्यस्तै अलैंची प्रशोधन केन्द्र स्थापना, कफी खेती विस्तार, व्यावसायिक फलफूल बगैंचा स्थापना र कृषि बजार तथा संकलन केन्द्र निर्माणका लागि विनियोजित रकम समेत फ्रिज भएको छ । कृषि ज्ञान केन्द्रमा बजेट कार्यान्वयन र कार्यक्रम सञ्चालनका लागि प्रदेश मन्त्रालयले समयमै निर्देशिका र कार्यविधि नपठाएका कारण कार्यक्रम सञ्चालन गर्न नसकिएको प्रमुख साहले जानकारी दिए ।

आर्थिक वर्ष समाप्त हुन लाग्दा संशोधित अख्तियारी प्राप्त भएको र बजेट कार्यान्वयनका लागि कार्यविधि ढिलो प्राप्त भएका कारण कार्यक्रम सञ्चालन गर्न नसकिएको केन्द्रले जनाएको छ ।

# कोशी ब्यारेजका सन्दर्भमा



❒ कृष्णप्रसाद ढकाल




मलाई सम्झना भएअनुसार हाईस्कूलमा २०२९/०३० सालतिर ९/१० कक्षामा पढ्दा बिहारको दुःखको कारण कोशी नदी (Sorrow of Bihar) भनेर भूगोलमा पढ्ने गर्थ्यौं । कोशी नदीको भेलबाडीले बौलाएका बेला बिहारको निकै ठूलो भू-भागमा वितण्डा मच्चाउँदै जनधनमा क्षति पुऱ्याउने गर्दथ्यो ।

त्यसैभएर यो नदी बिहारका लागि दुःखको कारण ठहरियो, तर अहिले समय फेरियो । बिहारको दुःखको कारण अहिले सुखको कारण हुन गयो, किनकि त्यो दुःख उपकारी मुलुक नेपालले ब्यहोरी दियो । त्यही कोशीको पानीलाई हिउँदमा नहरबाट त्यहाँको ठुलो भू-भागमा पुऱ्याउने गरिएकोछ र खेती योग्य जमिनमा अनाज उत्पादन थालिएको छ । त्यहाँ खुशियाली छाएको छ । अहिले बर्षै पिच्छे भेलबाडी आउँदा बिहार डुब्ने ठाउँमा बरु नेपाल डुबीदिन्छ ।

यसपाली पनि लगातारको झरीले सप्तकोशीमा पानीको बहाब निकै बढ्यो । १ लाख ५० हजार क्युसेक पानी प्रति सेकेण्ड बग्न थालेपछि एउटा रातो बत्ती बल्छ, जसले होसियार हुनुपर्ने संकेत गराउँछ । सोमबारको मापनले २ लाख ७४ हजार ६५ क्युसेक पानीको बहाब रहेको देखायो । ५६ मध्ये ३६ ढोका खोलिए, तर त्यतिमै भारतको बिहार जलमग्न भयो भनेर भारतले ढोका बन्द गर्न दबाब दिन थाल्यो, भन्ने भनाइ त्यहाँ कार्यरत सुरक्षा निकायबाट आएको हल्ला भनेर सुनियो ।

कोशी ब्यारेजको सुरक्षाका लागि भनेर भारतले त्यहाँ भारतीय सैनिक राखेको छ । त्यसको तालाचाबी आफैंसँग भएकाले पानीको बहाब बढेर नेपाली भू-भाग जति जलमग्न भए पनि वा नभए पनि अरु ढोका खोल्ने वा नखोल्ने निर्णय भारतीय पक्षले आफ्नो खुशीले गर्न सक्छ । भारतले यस्तो अडान लियो उस्तो अडान लियो, नेपाल पक्षले यस्तो अडान लियो भन्ने कुराको कुनै तुक छैन । यो सबै कुराको छिनोफानो कोशी सम्झौताले गरेकै छ ।

केही बर्षअघि यस्तै अबिरल बर्षाले पानीको सतह बढेको सुनेर उपप्रधान एवम परराष्ट्र मन्त्री कृष्णबहादुर महराले आफ्नो भारतीय समकक्षी शुष्मा स्वराजलाई कोशीको सबै ढोका खोली दिन आग्रह गरे, तर त्यो कुरालाई त्यति महत्व दिएको देखिएन । परराष्ट्र मन्त्रीले ढोका खोल्ने सूचना सम्प्रेषण गर्न पाएनन् । अबिरल बर्षा नरोकिँदा आखिर २०६५ भदौ २ गते कोशी ब्यारेजभन्दा केही माथि बाँधको तटबन्ध अचानक फुटेर कोशी नदीले ठूलो नोक्सान ब्यहोरायो । कैयौं परिवार घरवार विहीन हुन पुगे ।

सुनसरी र सप्तरीको सीमानामा बग्ने कोशी नदीमा कोशी ब्यारेजको निर्माण गर्ने भनेर नेपाल र भारतकाबीच सन् १९५४ मा सम्झौता गरियो । जसअनुसार नेपालका राजा महेन्द्र वीरविक्रम शाहदेव र भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले सन् १९५९ मा संयुक्तरुपमा शिलान्यास गरे । त्यसपछि सन् १९६५ मा नेपालका राजा महेन्द्र वीरविक्रम शाहदेव र भारतीय प्रधानमन्त्री लालबहादुर शास्त्रीले संयुक्त रुपमा कोशी ब्यारेजको उद्घाटन पनि गरेका थिए ।

१ सय ९९ बर्षका लागि भएको कोशी सम्झौताले कोशी ब्यारेजको सञ्चालनको जिम्मा सम्पूर्णरुपमा भारत पक्षलाई दिएको छ । सम्झौतामा नेपालका तर्फबाट भूमी सुधार मन्त्री महावीर शम्सेर र भारतका तर्फबाट योजना मन्त्री गुलजारीलाल नन्दाले हस्ताक्षर गरेका थिए ।

सुनसरी जिल्ला र सप्तरी जिल्लाको बीच भागमा बगेको कोशी नदीमा ११७५ मिटर लामो ब्यारेज निर्माण हुँदा बनेको बाटोले हामीलाई हिँड्ने सुबिधा प्राप्त भएको छ । कोशी ब्यारेजको २ माइल बाहिर माछा मार्ने अधिकार पनि नेपाली पक्षलाई छ त्यो बाहेक अरु देखिँदैन । ब्यारेज ३० मिटर अग्लो बनाइएको भए पनि बालुवा आदिले पुरिँदै जाँदा हाल १५ मिटर जतिमात्र होला भन्ने स्थानीयको भनाइ रहेको छ । इञ्जिनियरिङमा सिमेन्टको आयु ५० बर्षको हुने कारण यस बाँधको आयु पनि सोचनीय अवस्थामा पुगेको मान्न सकिन्छ ।

कोशी ब्यारेजको पानी नेपाल र भारत दुवैपक्षले प्रयोग गर्ने भनिएको छ । तर, ब्यवहारमा त्यो देखिँदैन । ब्यारेज निर्माणका लागि आवश्यक पर्ने सामग्री नेपाल भूमिबाट प्रयोग गर्ने अधिकार भारतलाई छ । कोशी सम्झौतामा भारतीय पक्षले बाँध निर्माण गर्न थाल्ने सूचना नेपाल पक्षलाई दिनासाथ भारतले बाँध निर्माण गर्न सक्ने अधिकार भएको उल्लेख छ । सम्झौताका बखत नेपाल पक्षको विवेक कम देखियो, जसका कारण हरेक बर्ष नेपालले बढी विपत्ति झेल्नु परिरहेको देखिन्छ ।

नेपाल तर्फको धेरै भाग जलमग्न हुँदा पनि, नेपालको भूमिमा बाँध निर्माण गरिएको भए पनि यसको सञ्चालनको जिम्मा भारतको हातमा भएकाले कोशी ब्यारेजका ५६ ढोकाहरुमध्ये मुस्किलले हालसम्म बढीमा २७ देखि ३० वटासम्म खोलिएको इतिहास छ । बर्षात्मा ब्यारेजका सबै ढोकाहरु खोलेको खण्डमा पुनः बिहारमा पहिलेको झैं विपत्ति दोहोरिन सक्छ भन्ने मनोविज्ञानले पनि हुनसक्छ, भारत सबै ढोका खोल्न चाहँदैन, जसले गर्दायता नेपाल पक्षको डुवान बढी हुन्छ ।

बिहारलाई डुवानबाट जोगाउने भनेर बर्षायाममा भारतीय पक्षले सबै ढोका बन्द गर्छ भने हिउँदमा सबै पानी नहर मार्फत सिँचाइका लागि भनेर लान्छ जसबाट २ लाख ६१ हजार हेक्टरभन्दा बढी भूमि सिँचाई पनि हुने गर्छ । कोशी सम्झौताको म्याद सकिन अझै सय बर्षभन्दा बढी छ । खारेज गर्न सकिने अवस्था पनि नरहेकाले यसबाट आइपर्ने हण्डरहरु ब्यहोर्नुपर्ने त छदैंछ ।

वि.सं.२०६६ सालमा एक पटक नाम मात्रको संशोधन भए पनि नेपालको हित हुने गरी संशोधन भएन । नेपालका कुनै नेताबाट यस अविवेकी सम्झौताका कारणबाट हामीले बढी दुःख झेल्नु पऱ्यो, हानी-नोक्सानी मात्र ब्यहोर्नु पऱ्यो । यो सम्झौतालाई हाम्रो पनि अनुकूल हुनेगरी संशोधन गरौं, होइन भने खारेज हुनुपर्छ, भन्ने आवाज उठाउन सक्ने अनुहार अझसम्म देखिएको छैन । तर, आशा गरौं भविष्यले केही उपाय देला ।